# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३२५ | काठमाडौं | आइतबार, १२ चैत २०७९ | Prabhab National Daily | Sunday, March 26, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## जब क्षति, तब ध्यान



बालुवाटारमा शनिबार प्रधानमन्त्री र आन्दोलनरत पक्षबीच भएको भेटवार्ता। *तस्बिर: रासस*

**प्रभाव संवाददाता**

**काठमाडौं–** प्रदेशको नाम 'कोशी' खारेज गराउने आन्दोलनको क्रममा प्रहरीको लाठी चार्जबाट गम्भीर घाइते भएका लाजेहाङ सुक्वाबा भनिने पदम लिम्बूको निधन भएपछि बल्ल सरकारको ध्यान केन्द्रित भएको छ।

> चैत ५ गते प्रहरीले लाठीचार्ज गर्दा टाउकोमा चोट परेपछि गम्भीर अवस्थामा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचाररत लाजेहाङको शुक्रबार बिहान साढे २ बजे निधन भएको थियो। उनको निधनपछि पहिचानवादी आन्दोलनकारीहरूले घटनाको 'राजनीतिक बदला' लिने चेतावनी दिइसकेका छन्।

प्रधानमन्त्री पुष्पकमल दाहालले शनिबार बिहान उनकै सरकारी निवास बालुवाटारमा आन्दोलनरत पक्षसँग भेटवार्ता गरेका छन्। भेटवार्ताकै क्रममा गृह मन्त्रालयका सहसचिव रामबन्धु सुवेदीको संयोजकत्वमा छ सदस्यीय छानबिन समिति गठन गराए। समितिले लाजेहाङको मृत्यु घटनाको सत्य तथ्य छानबिन गरी सरकारलाई प्रतिवेदन पेस गर्नुपर्ने कार्यादेश पाएको छ।

आन्दोलनकारीहरूसँग प्रधानमन्त्री दाहालले राजनीतिक तहमा संवाद गरेर प्रदेश नामाकरणको सवाललाई टुंगो लगाउने बताएको सरकारकी प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बताइन्। उनका अनुसार भेटवार्तामा प्रदेश १ को पुनः नामांकन संयुक्त संघर्ष समितिको ब्यानरमा आन्दोलनको नेतृत्व गरिरहेका नेपाल आदिवासी जनजाति महासंघ, किरात राई यायोख्खा, किरात याक्थुङ चुम्लुङ, नेपाल शेर्पा संघ, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, किरात धर्म तथा साहित्य उत्थान संघलगायतका सरोकारवाला संघसंस्थाका प्रतिनिधि सहभागी थिए।

चैत ५ गते प्रहरीले लाठीचार्ज गर्दा टाउकोमा चोट परेपछि गम्भीर अवस्थामा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचाररत लाजेहाङको शुक्रबार बिहान साढे २ बजे निधन (**बाँकी पृष्ठ ३ मा**)

# मन्त्रिपरिषद् विस्तारमा झमेला

> धेरै पार्टी छन्। कुरा गर्नुपर्‍यो। मिल्नुपर्‍यो। भर्खर त सम्वाद हुँदै छ। मन्त्रिपरिषद् विस्तार गर्न अझै साता दिन जति लाग्ला। हाम्रै दल कांग्रेसमा पनि कुरा मिलिसकेको छैन।
>
> **भीष्म आङदेम्बे**
> सहमहामन्त्री, नेपाली कांग्रेस

> प्रधानमन्त्रीलाई गठबन्धनमा रहेका दलहरूले अलग–अलग पक्षसँग छलफल गरेर प्रस्ताव बनाउनूस् भन्नुभएको थियो। अब सोमबारसम्ममा गठबन्धनको बैठक बोलाएर प्रस्ताव गर्नुहुन्छ।'
>
> **देवेन्द्र पौडेल**
> सचिव, माओवादी केन्द्र



- बढी र आकर्षक मन्त्रालयमा दलहरूको दाबीले प्रधानमन्त्री झमेलामा
- सोमबारसम्ममा मन्त्रिपरिषद् विस्तारको संकेत
- मन्त्रालय बाँडफाँटबारे प्रस्ताव तयार गर्दै प्रधानमन्त्री
- एमालेले पाएजति मन्त्रालयमा कांग्रेसको दाबी

**जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले छिट्टै मन्त्रिपरिषद् विस्तार हुने दाबी गरे पनि उनी झमेलामा परेका छन्। गठबन्धनमा धेरै दल भएको र दलहरूले बढी मन्त्रालयमा दाबी गर्दा दाहाल झमेलामा परेका हुन्।

यदि, झमेला सामना गर्न नपरेको भए उनले भनेजस्तै यतिबेला मन्त्रिपरिषद् विस्तार भइसकेको हुन्थ्यो र एउटा लयमा कार्यसम्पादन गर्न सरकार अग्रसर हुन्थ्यो। तर, त्यस्तो भएको छैन।

प्रधानमन्त्री दाहालले ६ चैतमा प्रतिनिधिसभामा विश्वासको मत लिँदै गर्दा भनेका थिए, 'अबको तीन/चार दिनमा सरकारले पूर्णता पाउँछ।'

विश्वासको मत लिएपछि दाहालले गठबन्धनका प्रमुख दलहरू नेपाली कांग्रेस, उनको दल नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा) र नेकपा एकीकृत समाजवादीका शीर्षस्थ नेताहरूसँग मन्त्रालय बाँडफाँटबारे छलफल गरे। त्यसपछि लगातार अनौपचारिक संवादमा गठबन्धनका नेताहरू छन्। यति हुँदाहुँदै पनि मन्त्रालय बाँडफाँट गर्न दलका नेताहरू सफल भएका छैनन्।

गठबन्धनको ठूलो दल कांग्रेसले आठवटा मन्त्रालय दाबी गरेको छ। यो संख्यामा तलमाथि नहुने अडान पनि उक्त दलको छ। शनिबार बसेको पार्टी पदाधिकारी बैठकमा उपसभापति पूर्णबहादुर खड्काले गठबन्धनका अन्य दलहरूले भन्नचाहिँ सातवटा मन्त्रालयमा चित्त बुझाउन भनिएको तर आठवटा मन्त्रालयबाट दायाँबायाँ गर्न नसकिने भनिएको बताए।

उनको भनाइ उद्धृत गर्दै एक जना पदाधिकारीले प्रभावसँग भने, ' गठबन्धनभित्रबाट सातवटा मन्त्रालय मात्र दिन सकिनेगरी कुरा आएको छ तर हामीले आठवटा नै मन्त्रालय चाहिन्छ भनेर दाबी गरेका छौं।'

यसअघि एमालेसहितको गठबन्धन सरकार हुँदा एमालेले आठ मन्त्रालय लिएको थियो। सोही संख्यामा कांग्रेसले मन्त्रालय लिन चाहेको हो। तर, गठबन्धनमा पहिलेभन्दा धेरै दल छन्। साना दलहरूको पनि धेरै मन्त्रालयमा दाबी छ।

१० सिट रहेको एकीकृत समाजवादीले कम्तिमा तीन मन्त्रालयमा दाबी गरेको छ। जसपाको पनि तीन मन्त्रालयमा दाबी छ। जनमतले दुई मन्त्रालयसँगै एक राज्यमन्त्री, लोसपा र नाउपा दुई/दुई मन्त्री र प्रभू साहले पनि एउटा मन्त्रालय मागेका छन्।

जनमोर्चा सांसद चित्रबहादुर केसी पनि सरकारमा जान चाहेका छन्। प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिने दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पनि गृह मन्त्रालय र पहिलेकै संख्यामा मन्त्रालय पाए सरकारमा जाने पक्षमा छ।

१५ माघमै उक्त दलका सभापति रवि लामिछानेले सरकारमा फेरि सहभागी हुन तयार रहेको बताएका थिए। तर, उनको दललाई सरकारमा सहभागी गराउने सम्भावना कम रहेको कांग्रेस सहमहामन्त्री भीष्मराज आङ्देम्बेले बताए। 'गठबन्धनमा जति दल छन्। सरकारमा पनि यिनै दलहरू सहभागी हुने हुन्,' आङ्देम्बेले भने।

गठबन्धन दलहरू मात्रै सरकारमा सहभागी हुनु स्वाभाविक हो। तर, मन्त्रालयको संख्याले सरकार गठन गर्न गठबन्धन अल्झनमा परेको छ। प्रधानमन्त्रीका स्वकीय सचिव रमेश मल्लका अनुसार सबै दलका नेताहरूसँग एकसरो कुरा गरेर फेरि संयुक्त छलफल गर्ने प्रधानमन्त्रीको योजना छ। प्रधानमन्त्रीले छलफल गर्ने कहिले ? यसबारे भने उनले यकिन गरेनन्। उनका अनुसार छलफल छिट्टै हुनेछ।

मन्त्रिपरिषद् विस्तार नहुँदा प्रधानमन्त्री दाहालले १६ वटा (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# अधिकतम ५ वर्षे श्रम स्वीकृति दिने तयारी

**प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा जाने नेपालीलाई अधिकतम पाँच वर्षका लागि हुनेगरी श्रम स्वीकृति दिने तयारी गरेको छ। वैदेशिक रोजगार विभागले यसअघि दिँदै आएको दुई वर्षे श्रम स्वीकृतिको व्यवस्था हटाएसँगै अधिकतम पाँच वर्षे श्रम स्वीकृति दिने तयारी गरेको हो।

विभागले करिब दुई हप्ताअघि नै मलेसिया तथा खाडी मुलुकमा जाने नेपाली कामदारहरूलाई दिँदै आएको दुई वर्षे श्रम स्वीकृतिको प्रावधान हटाएर रोजगारदातासँग भएको करार अवधिको आधारमा श्रम स्वीकृति दिने निर्णय गरिसकेको छ। 'दुई वर्षको श्रम स्वीकृति प्रावधान अव्यावहारिक भएकोमा सरोकारवाला गुनासो रहेको र यसलाई संशोधन गर्न व्यवसायीहरूले समेत माग गर्दै आएका थिए,' वैदेशिक रोजगार विभागका महानिर्देशक उमाकान्त आचार्यले भने, 'अब दुई वर्षको प्रावधानलाई हटाएर रोजगारदातासँग भएको करार सम्झौता अनुसारको श्रम स्वीकृति प्रदान गरिने छ, तर पाँच वर्षभन्दा बढी हुँदैन।'

दुई वर्षे प्रावधानले आफ्नै नागरिक समस्यामा पर्ने र पुनः श्रम स्वीकृतिका लागि झण्झट व्यहोर्नुपरेको भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारीसमेत सम्हालेका प्रधानमन्त्री पुष्पकमल दाहालले उक्त प्रावधान हटाउन निर्देशन दिएका थिए। दुई वर्षको प्रावधान हटाएसँगै मलेसिया तथा खाडीलगायतका मुलुकका रोजगारदाताले नेपाली कामदारसँग गरेको तीन वर्षको करार सम्झौताको ग्यापलाई परिपूर्ति गर्ने महानिर्देशक आचार्यले बताए। उनका अनुसार अब यस निर्णयसँगै वैदेशिक रोजगारीमा जाने नेपालीहरूले करार अवधिको आधारमा श्रम स्वीकृति लिन सक्ने छन्। अतः यस्तो स्वीकृति अधिकतम पाँच वर्षभन्दा बढी हुँदैन।

पाँच वर्षे श्रम स्वीकृतिको प्रावधानले कामदारमाथि वैदेशिक रोजगार कल्याणकारी कोषमा जम्म गर्नुपर्ने रकमको दायित्व बढ्नेछ भने म्यादी बिमामासमेत

> विभागले करिब दुई हप्ताअघि नै मलेसिया तथा खाडी मुलुकमा जाने नेपाली कामदारहरूलाई दिँदै आएको दुई वर्षे श्रम स्वीकृतिको प्रावधान हटाएर रोजगारदातासँग भएको करार अवधिको आधारमा श्रम स्वीकृति दिने निर्णय गरिसकेको छ।

शुल्क बढ्ने विभागले जनाएको छ। यद्यपि, पाँच वर्षको श्रम स्वीकृति लागू भएपछि कल्याणकारी कोषमा र बिमाका लागि कति रकम लाग्ने भन्नेबारे विभागले निर्णय गरिसकेको छैन। कल्याणकारी कोषमा जम्म गर्ने रकमका सम्बन्धमा श्रम मन्त्रालयसँग समन्वय गरी निर्णय लिइने छ भने बिमाको सन्दर्भमा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड, बिमा कम्पनीहरूसँगको छलफल र निचोडपछि शुल्क निर्धारण हुने विभागले जनाएको छ। तत्काल श्रम स्वीकृति लिनेहरूका लागि भने कुनै विकल्प अपनाइने विभागले उल्लेख गरेको छ।

### अभिमुखीकरण तालिम प्रदायक संस्थामाथि झन् झन् कडाइ

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीका लागि जानुभन्दा अघि कामदारहरूलाई दिइने अभिमुखीकरण तालिम प्रदायक इजाजतपत्र प्राप्त संस्थामाथि कडाइ गर्दै लगेको छ। विदेश जानुपूर्व कामदारका लागि अनिवार्य गरिएको अभिमुखीकरण तालिम सञ्चालन कार्यान्वयन प्रभावकारी नभएको भन्दै विभागले सुधारका लागि बुँदागत रूपमा कडा निर्देशन जारी गरेको छ। यसअघि मापदण्डविपरीत चलेको भन्दै संस्थाहरूलाई विभागले १५ दिनभित्र तोकिएबमोजिम सञ्चालन गरेको जानकारी गराउन सूचना जारी गर्दै अन्यथा कारबाहीको चेतावनी दिएको थियो। यसभन्दा पहिला पनि संस्थाहरूले तालिम लिएको स्थलगत रिपोर्ट नबुझाउने र विभागको अनुगमनमा आधिकारिक भाइबर/ह्वाटस् एप नम्बरबाट भिडियो कल गर्दा विभिन्न वाहनाबाजी गर्दै टार्ने गरेकोप्रति पनि विभागले त्यसो नगर्न र अनुगमनमा सहयोग पुऱ्याउन आग्रह गरेको थियो। अनुगमनमा सहयोग नगर्नेलाई कानुनी कारबाहीको चेतावनी दिँदै कडा कदम चाल्ने विभागले उल्लेख गरेको थियो। भर्खरै मात्र (एकहप्ता) पनि विभागले अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूलाई तालिममा सहभागि प्रशिक्षार्थीहरूको विद्युतीय हाजिरी गराउन र एक महिनासम्म सुरक्षित राख्न निर्देशन दिएको थियो। यसका बाबजुद पनि संस्थाहरूमा सुधार नदेखेको विभागले अन्ततः अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ कार्यन्वयन सम्बन्धी सूचना भन्दै बुँदागत निर्देशन नै जारी गरेको छ।

विदेशमा रोजगारीमा प्रस्थान पूर्वको अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूले कानून विपरीतका गतिविधिहरू गर्ने गरेको, अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ को पालना नगरेको, प्रभावकारी रूपमा तालिम सञ्चालन नगरेको र मापदण्ड विपरीत कार्य गरेको पाइएको विभागले जनाएको छ। यस्तै तालिम सञ्चालन नगरी प्रशिक्षार्थीहरूको नामावली तथा बायोमेट्रिक हाजिरी वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स्)मा प्रविष्ठ गर्ने गरेको पाइएको समेत उल्लेख छ। कार्यविधिविपरीतका गतिविधि गरेको भन्ने व्यापक जनगुनासो तथा नकारात्मक टिकाटीप्पणीहरू आइरहेको सन्दर्भमा उक्त कार्यलाई नियन्त्रण गरी अभिमुखीकरण तालिमलाई व्यवस्थित र मर्यादित बनाउन कार्यविधिमा भएका प्रवधानहरूको पूर्णपालना गर्न निर्देशन दिइएको छ।

कार्यविधिअनुसार देशग रूपमा समूह (क्लस्टर) छुट्याएर वैदेशिक रोजगारीमा जाने कामदारलाई तालिम सञ्चालन गर्ने, एउटा संस्थाले एउटा कक्षामा बढीमा २५ जनासम्म प्रशिक्षार्थी राखी एक दिनमा एउटा क्लस्टरको बढीमा तीनवटासम्म कक्षा सञ्चालन गर्न सक्ने हुँदा यसका लागि आवश्यक पूर्वाधार र जनशक्ति हुनुपर्ने, दैनिक ६ घण्टाको दरले दुई दिन कक्षा सञ्चालन गर्नुपर्ने निर्देशन दिएको छ। यस्तै समय नै तोकेर ११ देखि ५ बजेसम्म कक्षा सञ्चालन तथा विहान ९ देखि ११ बजेसम्म प्रशिक्षार्थी भर्ना गर्नुपर्ने प्रावधान राखिएको छ। यो नियम आजैदेखि लागू हुने विभागले जनाएको छ। अतः कार्यविधि २०७६ बमोजिम दिइएको निर्देशनअनुसार तालिम सञ्चालन गरेको नपाइए कडा कारबाही गर्ने विभागको तयारी रहेको छ।


## UAE र CYPRUS मा वैदेशिक रोजगारको अवसर

**१. कम्पनी: KENZ HYPERMARKET L L C** — शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/१२/०९ | चलानी नं.: ६०१९८७३७ | LT. No.: 283265

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall & Market Saleperson | 10 | 10 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 0 | 5 | | 1500 | ५३,६४० | | | | | | | |

**२. कम्पनी CARS TAXI SERVICES CO. LLC** — शहर: UAE (Only for UAE Driving license Holders)

पूर्व स्वीकृत मिति: २०७८/०६/१५ | चलानी नं.: ६०१६४५४५ | LT. No.: 247397 | पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Driver | 95 | 0 | स.काममा दक्ष | 1600 | ५७,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**३. कम्पनी: ORTHODOXOU EMPLOYMENT BUREAU LTD.** — शहर: Cyprus,LARNACA

पूर्व स्वीकृत मिति: २०७९/१२/१० | चलानी नं.: ६०१९८७३६ | LT. No.: 283367

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker / Labour | 2 | 2 | सम्बन्धित काममा दक्ष | 500 | ७१,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chambermaids | 0 | 3 | | 612 | ८७,४०० | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 800 | ११४,२४८ | | | | | | | |
| 4. | Domestic Worker | 0 | 5 | | 315 | ४४,९८५ | | | | | | | |
| 5. | Waiters/waitresses | 4 | 4 | | 787 | ११२,३९१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत १९, २० र २१ गते (2, 3 & 4 April 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | युएईको नि:शुल्क र साइप्रसको रु. ८०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

RAJ GROUP OF COMPANIES
License No.:1245/074/075

**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

Mobile no: 9801047341/9802047340/9802347340



**मौलिक वेषभूषामा युवती**

विश्व नेवाः दिवसका अवसरमा शनिबार हनुमानढोका क्षेत्रमा नेपाल राष्ट्रिय खड्गी समाजद्वारा आयोजित कार्यक्रममा मौलिक वेषभूषामा सजिएर सहभागी हुँदै खड्गी समुदायका युवतीहरू । *तस्बिरः नारायण न्यौपाने/रासस*

# अबको जोखिम : आगलागी, डढेलो, हावाहुरी र चटयाङ

■ **नारायण ढुंगाना**

**काठमाडौं-** भर्खरै सुरु भएको चैतमास, पछिल्लो साताको वर्षा छाडेर भन्ने हो भने सुक्खायाम छ । यसपटकको हिउँदमा राम्ररी वर्षा भएको छैन । त्यसैले अबको दुई महिना आगलागी, डढेलो, चटयाङ र हावाहुरीको उच्च जोखिम छ ।

पछिल्लो साता मुलुकभर वर्षा भएकाले आगलागीको क्रम केही रोकिएको छ । अब वर्षा रोकिनेबित्तिकै आगलागी ह्वात्तै बढ्ने यस क्षेत्रका विज्ञहरूले बताएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यो समयमा सबैभन्दा बढी आगलागी र डढेलोले क्षति पुऱ्याउने भएकाले विशेष सावधानी अपनाउनुपर्नेमा जोड दिइएको छ ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल पछिल्लो एक दशकको तथ्यांक हेर्ने हो भने आगलागीको दर बढ्दै गएको र त्यसले पुऱ्याउने क्षतिसमेत बढिरहेको बताउँछन् । 'अझ पछिल्लो पाँच वर्षको तुलना गर्दा आगलागीको ग्राफ गुणांकले बढेको छ,' पोखरेलले भने, 'यो बेला विशेष सावधानी अपनाउनुपर्छ, स्थानीय तहलगायत सरोकारवाला निकायले त्यसको न्यूनीकरणका लागि पूर्वतयारी तथा आगलागी भइहालेको खण्डमा नियन्त्रणका लागि आवश्यक तयारी गर्ने बेला हो ।'

प्राधिकरणका अनुसार बुधबार मात्रै १८ विपद्जन्य घटना भएका थिए । त्यसमध्ये १६ घटना आगालगी, हावाहुरी चटयाङ र डढेलोका छन् । गत वैशाखदेखि चार हजार ४८ वटा विपद्जन्य घटना भएकामध्ये सबैभन्दा बढी दुई हजार ६१३ घटना आगालागीका छन् । उक्त आगलागीमा परेर १०२ जनाको मृत्यु भएको छ भने ३५२ जना घाइते भएको तथ्यांक प्राधिकरणसँग छ ।

आगलागीबाट मानवीय क्षतिका साथै भौतिक क्षति पनि ठूलोमात्रामा हुने गरेको छ । ती घटनामा दुई अर्ब ३० करोड रूपैयाँभन्दा बढीको क्षति भएको छ । तीन हजारभन्दा बढी परिवार प्रभावित भएका छन् । यस्तै हुरीबतासका १०० घटना हुँदा १० जनाको मृत्यु भएको छ भने डढेलोका १३४ घटनामा एक जनाले ज्यान गुमाएका छन् । चटयाङका २३६ घटनामा ८० जनाको मृत्यु भएको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका आगलागी विज्ञ सुन्दर शर्माले यी तथ्यांकले पनि आगलागीको दर अत्यधिक रहेको र बढी भौतिक क्षति आगलागीका कारण हुने गरेको बताए । 'सबै विपद्जन्य घटनालाई विश्लेषण गर्दा त्यसको ९० प्रतिशत भौतिक क्षति आगलागीका कारण भएको छ । हालसम्म नेपालमा आगलागी नियन्त्रणमा खटिने अग्रफोर्स भनेको नेपालका सुरक्षाकर्मी हो,' उनले भने । शर्माले सुरक्षाकर्मीबाहेकका तालिम प्राप्त दस्ता नेपालमा नभएको उल्लेख गरे ।

पछिल्लो समय सरकारले स्वयंसेवक ब्युरोको अवधारणा ल्याएपछि सोही आधारमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले स्वयंसेवी तयार पार्न लागेको प्राधिकरणका कार्यकारी प्रमुख पोखरेलले बताए ।

उनका अनुसार अहिले स्वयंसेवीलाई तालिम दिने काम भइरहेको छ । मकवानपुरमा तालिम चलिरहेको छ । नमूनाका रूपमा विपद्का समयमा स्वयंसेवा गर्न इच्छुक व्यक्तिका लागि अनलाइनबाटै फाराम भर्ने व्यवस्था गरिएको छ । पहिलो चरणमा रेडक्रसमा आवद्ध एक लाखलाई स्वयंसेवामा जोड्दै तालिम सुरु गरिएको प्राधिकरणले जनाएको छ । स्थानीय तहको मातहतमा रहने गरी ती स्वयंसेवीलाई विपद्का बेला परिचालन गर्न सकिने छ ।

प्राधिकरणले आगलागी, हावाहुरी, चटयाङ र डढेलो न्यूनीकरण तथा नियन्त्रणका लागि आवश्यक तयारीसमेत थालेको जनाएको छ । यसका लागि आवश्यक तालिम, प्रशिक्षण यन्त्र, उपकरण व्यवस्थापनलगायतको काम जारी रहेको प्राधिकरणका प्रमुख पोखरेलको भनाइ छ ।

हालै प्राधिकरणले सिंहदरबारमा आगलागी नियन्त्रणका लागि उपयुक्त हुने 'फायर फाइटिङ पम्प'को सफल अभ्यास गरेर देखाएको थियो । यस्ता यन्त्रको सही तरिकाले प्रयोग गरे दमकल नपुग्ने स्थानमा स्थानीय तहले सजिलै आगलागी नियन्त्रण गर्न सक्ने प्राधिकरणले जनाएको छ । 'फायर फाइटिङ पम्प'को मूल्य रू एक लाख मात्रै पर्ने भएकाले हरेक स्थानीय तहले उक्त उपकरण व्यवस्थापन गर्न सक्ने उनले बताए ।

**अधिकांश आगलागी मानवीय कारण**

प्राधिकरणका आगलागीविज्ञ शर्मा अधिकांश आगलागीका घटना मानवीय कारणले हुने गरेको बताउँछन् । उनका अनुसार ६४ प्रतिशत आगलागी मानिसले जानीजानी लगाउने गरेका छन् । बत्तीस प्रतिशत चुरोटको ठुटा फ्याँक्नेलगायत हेल्चेक्र्याइँका कारण हुने गरेको छ ।

हरेक वर्ष डढेलो निभाउन जाँदा औसत सात जनाको मृत्यु हुने गरेको उनले जानकारी दिए । औसतमा वार्षिक ८० घर आगलागीबाट जल्ने गरेका छन् । आगलागीले मानवीय र भौतिक सम्पत्तिका साथै जैविक विविधतामा ठूलो क्षति पुऱ्याए पनि यसतर्फ धेरैको ध्यान नपुगेको विज्ञ शर्मा बताउँछन् । उनका अनुसार आगलागी नियन्त्रणका लागि सरकारबाट समेत ध्यान नपुगेकाले बजेटको अभाव हुने गरेको छ । शर्माले पछिल्लो समय आगलागीको प्रकृति फरक हुँदै गएकाले 'एरियल फायर फाइटर'को जरुरी रहेको बताए । उनले वैशाखमा बढी आगलागी हुने भएकाले आजैदेखि सचेत हुनुपर्ने भन्दै आवश्यक तयारीमा जुट्न सबैलाई अनुरोध पनि गरेका छन् । *रासस*

# रानीपोखरी सर्वसाधारणका लागि खुल्यो

**काठमाडौं (प्रस)-** काठमाडौं महानगरपालिकाले ऐतिहासिक रानीपोखरी सर्वसाधारणका लागि खुला गरेको छ । पुनर्निर्माणपछि रानीपोखरी पहिलोपटक सर्वसाधारणका लागि खुला गरिएको हो । बिहान ६ देखि ८ बजेसम्म निःशुल्क प्रवेश पाइने महानगरले जनाएको छ ।

नगर प्रहरीले सरसफाइ गरेपछि एक साताअघिबाट सर्वसाधारणका लागि उक्त ऐतिहासिक पोखरी खुला गरिएको हो । कामपाका प्रवक्ता नवीन मानन्धरका अनुसार अहिले बिहान ६ देखि ८ बजेसम्मका लागि पोखरी खुला गरिएको छ । कुनै अवरोध नआए ३६५ दिन नै पोखरी सबैका लागि खुला राख्ने तयारी महानगरपालिकाको छ ।

उनले भने, 'पोखरीमा सर्वसाधारणको आवतजावत बढेपछि पोखरीलाई छिटो सरसफाइ गरी सौन्दर्य कायम राखिनेछ, यो काठमाडौंको सान हो ।' २०७२ को गोरखा भूकम्पले क्षति पुगेको ऐतिहासिक पोखरीको पुनर्निर्माणका लागि शिलान्यास पनि सोही वर्ष माघ २ गते तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीबाट भएको थियो ।

पुनर्निर्माण कार्य सकी २०७७ कात्तिक ५ मा नै उद्घाटन गरिए पनि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले २०७८ पुस ८ गतेमात्र महानगरपालिकालाई रानीपोखरी हस्तान्तरण गरेको थियो । हस्तान्तरणपछि सबैका लागि खुला गर्न कामपाले पटक-पटक प्रयास गरेको जनाएको थियो । भूकम्पका कारण पोखरी र पोखरीको बीच भागमा रहेको बालगोपालेश्वर मन्दिर पनि क्षति भएको थियो ।

यसअघि गुम्बज शैलीमा निर्माण गरिएको रानीपोखरीको बीचमा रहेको बालगोपालेश्वरको मन्दिर विज्ञहरूको प्रतिवेदनअनुसार प्रताप मल्लको पालामा बनाइएको ग्रन्थकुट (शिखर) शैलीमा पुनर्निर्माण सम्पन्न गरिएको हो । शिलान्यास भएको करिब पाँच वर्षपछि मात्र रानीपोखरी पुनर्निर्माणको काम सम्पन्न भएको छ ।

प्रताप मल्लका छोरा चक्रवर्तेन्द्र मल्लको निधनपछि रानीको चित्त बुझाउन रानीपोखरीको निर्माण गराएको शिलालेखमा उल्लेख छ । पोखरीको बीचमा त्यसैबेला बालगोपालेश्वर मन्दिर स्थापना गरिएको थियो । प्रताप मल्लले आफ्ना छोरा चक्रवर्तेन्द्रको नाममा यो पोखरी बनाएका हुन् । पोखरीमा १०८ तीर्थको जल हालिएको इतिहासकार बताउँछन् । प्रताप मल्लले निर्माण गर्दा पोखरीको चारैतिर चार मन्दिर स्थापना गर्न लगाएको पाइन्छ । उत्तर-पश्चिम कुनामा शक्तिसहितको भैरवको मन्दिर, उत्तर-पूर्व कुनामा भैरवको मन्दिर, दक्षिण-पूर्व कुनामा देवीको मन्दिर र दक्षिण-पश्चिममा सोह्रहाते गणेश स्थापना गरेको देखिन्छ ।

## मन्त्रिपरिषद्...

पृष्ठ १ बाट जारी

मन्त्रालयको नेतृत्व गर्नुपरेको छ । मन्त्रालयको कार्यसम्पादमा समस्या पैदा भएको छ । यद्यपि, मन्त्रिपरिषद्ले पूर्णता पाउन अझै एक हप्ता लाग्नसक्ने कांग्रेस सहमहामन्त्री आङ्देम्बेले बताए । 'धेरै पार्टी छन् । कुरा गर्नुपऱ्यो । मिल्नुपऱ्यो । भर्खर त सम्वाद हुँदै छ । मन्त्रिपरिषद् विस्तार गर्न अझै साता दिन जति लाग्ला,' आङ्देम्बेले भने, 'हाम्रै दल कांग्रेसमा पनि कुरा मिलिसकेको छैन ।'

प्रधानमन्त्री झमेलामा परेको गठबन्धनका अन्य दलहरूले महत्त्वपूर्ण मन्त्रालयमा नजर लगाउनाले पनि हो । कांग्रेसले अर्थ, गृहसहितका मन्त्रालयमा दाबी गर्न थालेको छ । अन्य दलहरूले प्रत्यक्षरूपमा जनतासँग जोडिने र बजेट बढी भएका मन्त्रालयमा अडान राख्न थालेका छन् ।

एकातिर मन्त्रालयको संख्या र अर्कातिर भने महत्त्वपूर्ण मन्त्रालय ताकाताकले प्रधानमन्त्री दाहाल मन्त्रिपरिषद् विस्तार गर्न झमेलाको सामना गर्न बाध्य भएका हुन् । तर, सरकारको कार्यसम्पादन प्रभावकारी बनाउन र जनतालाई अनुभूत हुनेगरी काम गर्न मन्त्रिपरिषद् विस्तारमा ढिला गर्न नहुने आवाज उठेको छ ।

माओवादी पदाधिकारी बैठकपछि पत्रकारहरूसँग कुरा गर्दै पार्टी सचिव देवेन्द्र पौडेलले मन्त्रिपरिषद् विस्तार कुनै पनि हालतमा ढिला गर्न नहुने र छिटोभन्दा छिटो विस्तार गर्नुपर्ने धेरै नेताहरूको जोड भएको बताए । उनका अनुसार प्रधानमन्त्री दाहाल पनि तयार छन् । उनले मन्त्रालय बाँडफाँटको प्रस्ताव आजसम्ममा गरिसक्ने र भोलि (सोमबार)सम्ममा मन्त्रिपरिषद् नै विस्तार गर्नेगरी प्रधानमन्त्री अघि बढेको पनि जानकारी दिए ।

'प्रधानमन्त्रीलाई गठबन्धनमा रहेका दलहरूले अलग-अलग पक्षसँग छलफल गरेर प्रस्ताव बनाउनूस् भन्नुभएको थियो, उहाँले शनिबार गरेको रिपोर्टअनुसार सबै दलसँग छलफल गर्नुभएको छ,' पौडेलले भने, 'अब आइतबारसम्म प्रस्ताव तयार गर्नुहुन्छ र सोमबारसम्ममा गठबन्धनको बैठक बोलाएर प्रस्ताव गर्नुहुन्छ ।'

दाहाल नेतृत्वको सरकारबाट १३ फागुनमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले समर्थन फिर्ता लिँदै अलग भएको थियो । १७ फागुनमा भने एमाले पनि अलग भयो । यी दुई दलभन्दा अघि १३ माघमै रास्वपा सरकारदेखि बाहिरिएको थियो ।

यी तीन दल सरकारदेखि बाहिरिएपछि १६ मन्त्रालय प्रधानमन्त्री दाहाल स्वयंले सम्हालिरहेका छन् । हाल सरकारमा दाहालको दल माओवादी र जनमत पार्टी मात्रै छन् ।



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

चैत १२ गते, आइतबार

| | |
|---|---|
| **मेष** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **वृष** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **मिथुन** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **कर्कट** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **सिंह** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **कन्या** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **तुला** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **वृश्चिक** | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा |
| **धनु** | असर पर्नसक्छ |
| **मकर** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **कुम्भ** | परोपकारमा रुचि बढ्नेछ । |
| **मीन** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

चैत १२ गते, २०७९, २६ मार्च, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०६ | १३२.६६ |
| युरो | १ को | १४०.७८ | १४१.४२ |
| पाउन्ड स्टर्लिङ | १ को | १५८.९१ | १५९.६३ |
| स्विस फ्रैन्क | १ को | १४३.११ | १४३.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६६ | ९०.०७ |
| क्यानाडियन डलर | १ को | ९७.४३ | ९७.८७ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९२ |
| जापानी येन | १० को | १०.०० | १०.०५ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३५.११ | ३५.२७ |
| कतारी रियाल | १ को | ३६.१६ | ३६.३२ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिंगेट | १ को | २९.९८ | ३०.१२ |
| दक्षिण कोरियन वन | १०० को | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को | १२.६५ | १२.७१ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०२ |
| हङकङ डलर | १ को | १६.९३ | १७.०१ |
| कुवेती दिनार | १ को | ४३१.५० | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.२५ | ३५१.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**खोपारा लेक** | म्याग्दीको अन्नपूर्ण गाउँपालिका–५ स्थित खोपारा लेकको भ्रमणमा रमाउँदै पर्यटकहरू । खोपारा लेक समुद्री सतहदेखि तीन हजार ६०० मिटरको उचाइमा अवस्थित रहेको छ । *तस्बिरः सन्तोष गौतम/रासस*

# 'व्यवस्था फेरियो, प्रवृत्ति फेरिएन'

**गण्डकी (प्रस)-** गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले लामो संघर्षपछि राज्य व्यवस्था फेरिए पनि राजनीतिक र प्रशासनिक नेतृत्वमा पुरानै प्रवृत्ति हाबी रहेको बताएका छन् । शनिबार पोखरामा आयोजित गण्डकी प्रदेशको प्रदेश लोकसेवा आयोगको दोस्रो वार्षिकोत्सव समारोहमा बोल्दै उनले संघीयतालाई संस्थागत गर्न प्रदेशलाई अधिकारसम्पन्न बनाउनुपर्ने धारणा राखे ।

'संघीयताको मर्मअनुसार केन्द्रको अधिकार तल प्रत्योजन नगर्ने हो भने यो प्रणाली कमजोर हुन्छ,' प्रदेश प्रमुख गुरुङले भने, 'अहिलेको प्रदेश संरचना अधुरो किसिमको छ, यसलाई बलियो नबनाएसम्म जनअपेक्षाअनुसार काम गर्न सकिँदैन ।'

राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रमा देखिने गरेको केन्द्रमुखी प्रवृत्तिले संघीय व्यवस्थालाई स्थिर हुन नदिने उनले बताए । संघ सरकारले परराष्ट्र नीति, राष्ट्रिय सुरक्षाजस्ता संवेदनशील विषयबाहेकका अधिकार प्रदेशलाई दिनुपर्ने उनको भनाइ छ ।

प्रदेश सरकारले सशक्त भूमिका खेल्न नसक्दा संघीयतामाथि नै बेलाबखत टीकाटप्पणी हुने गरेको प्रदेश प्रमुख गुरुङले उल्लेख गरे । उनले लोकसेवा आयोग नागरिकको सबैभन्दा बढी विश्वासिलो संस्थाका रूपमा स्थापित भएको बताए । प्रदेश लोकसेवा आयोगले स्थापनाको छोटो अवधिमै प्रभावकारी कार्यसम्पादन गर्न सफल रहेको प्रदेश प्रमुख गुरुङले उल्लेख गरे ।

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीले आयोगले आफ्नो विश्वसनीयता र निष्पक्षता गुमाउन नहुने धारणा राखे । उनले आयोगको कामकारबाहीलाई सहज हुने गरी सरकारले प्रदेश निजामती सेवा ऐन ल्याएको उल्लेख गर्दै छिट्टै नियमावली बनाउने प्रतिबद्धता जनाए ।

'लोकसेवा आयोगलाई चाहिने जनशक्तिदेखि भौतिक पूर्वाधार व्यवस्थापनमा प्रदेश सरकारले सहयोग गर्छ,' मुख्यमन्त्री अधिकारीले भने । गण्डकी प्रदेशसभाका सभामुख कृष्णप्रसाद धितालले आयोगलाई प्रभावकारी बनाउन सबै पक्षको सहयोगी भूमिका चाहिने बताए ।

लोकसेवा आयोगका पूर्वअध्यक्ष तीर्थमान शाक्यले संवैधानिक व्यवस्थाअनुसार प्रदेश लोकसेवा आयोग गठन भएको बताए । प्रदेश संरचनालाई बलियो बनाउन संघ सरकारले अधिकार र स्रोतसाधन उपलब्ध गराउनुपर्ने उनको भनाइ छ ।

प्रदेश लोकसेवा आयोगका अध्यक्ष विष्णुप्रसाद नेपालले आयोगको आफ्नै भवन नहुँदा कार्यसम्पादनमा जटिलता थपिएको बताए । उनले कानुनी प्रबन्धदेखि पूर्वाधार व्यवस्थापनमा प्रदेश सरकारले सहयोग गर्नुपर्ने बताए । वार्षिकोत्सवका अवसरमा आयोगमा कार्यरत कम्प्युटर अधिकृत लक्ष्मीप्रसाद पोखरेललाई उत्कृष्ट कर्मचारीका रूपमा नगद सात हजार रूपैयाँसहित पुरस्कृत गरिएको थियो ।

## हाइटेक नर्सरीमा ६६ लाख भ्रष्टाचार

# कालिकोटका निमित्त कृषि प्रमुख भरत बस्नेतसहित १२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा




■ प्रभाव संवाददाता

**काठमाडौं-** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कृषि ज्ञान केन्द्र कालिकोटका निमित्त प्रमुख भरत बस्नेतसहित १२ जनालाई हाइटेक नर्सरी निर्माण गर्दा ६६ लाख भ्रष्टाचार गरेको भन्दै विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगले कालिकोट जिल्लाको रास्कोटस्थित सिमनाथ कृषि विकास सहकारीलाई उपलब्ध गराएको अनुदान रकम भ्रष्टाचार गरेको आरोपसहित विशेष अदालतमा मुद्दा दायर गरेको हो । आयोगका अनुसार उच्च प्रविधियुक्त नर्सरी स्थापनाको लागि उपलब्ध गराएको सरकारी अनुदानको पेश्की रकममा सम्झौता अनुसार काम नगरी हिनामिना गरेको अनुसन्धानबाट पुष्टि भएपछि सो मुद्दा दायर गरेको हो ।

आयोगले कृषि ज्ञान केन्द्र, कालिकोटका तत्कालीन निमित्त कार्यालय प्रमुख भरतबहादुर बस्नेत, खाँडाचक्र नगरपालिका, कालिकोटका तत्कालीन इन्जिनियर सुमित भट्ट र खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, कालिकोटका तत्कालीन सबइन्जिनियर गुरुराज संज्यालले सम्भाव्यता अध्ययनसमेत नगरी आयोजनाका लागि आवश्यक विद्युत् आपूर्तिसमेत नभएको अवस्थामा सो स्थानमा हाइटेक नर्सरी सञ्चालन गर्न उपयुक्त छ भनी सिफारिस गरेको आरोप पत्रका उल्लेख गरिएको छ ।

उनीहरूले अनुदान उपलब्ध गराउनका लागि आवश्यक पुस्टयाइँका आधारहरू संलग्न नगरी हचुवाको भरमा लागत अनुमान तयार गरेको र हाइटेक नर्सरीको लागी खरिद गरिएका यन्त्र उपकरणहरूको मूल्यसमेत अत्यधिकरूपमा बढाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ विपरीत बदनीयतपूर्वक मूल्य राखी लागत अनुमान तयार गरी कर्णाली प्रदेश सरकारको अनुदान ग्रहण गरे पनि नर्सरी सञ्चालनमै नआएको अवस्थामा ६६ लाख ५० हजार भुक्तानी दिएको उल्लेख गरिएको छ ।

मूल्यांकन तथा छनौट समितिका पदाधिकारीहरू हरिप्रसाद पण्डित, श्रीधर अधिकारी, दीपककुमार भण्डारी, हिरानन्द देवकोटा, अनुप तिवारी, पूर्णबहादुर थापा, होमनाथ लम्सालले उच्च प्रविधियुक्त नर्सरीस्थापना, सञ्चालन, विस्तार र सुदृढीकरण कार्यविधि, २०७५ को दफा १० मा उल्लेख भएबमोजिम वास्तविक फिल्ड अध्ययन नगरी उक्त सहकारी संस्थाको वित्तीय सक्षमता र वस्तुस्थिति एवं पूर्वाधार अध्ययन र मूल्यांकनसमेत नगरी निमित्त प्रमुख भरत बहादुर बस्नेतले पेश गरेको गलत मूल्यांकन प्रतिवेदनउपर छानविन नगरी बदनियतपूर्वक तवरले भुक्तानी गरी भ्रष्टाचार गरेको आरोप सहित मुद्दा दर्ता गरिएको हो ।

# गृह मन्त्रालयका २५ अधिकारीको सरूवा

■ प्रभाव संवाददाता




**काठमाडौं-** गृह मन्त्रालयले २५ जना अधिकारीको सरुवा गरेको छ । अतिरिक्त समूहमा रहेका १४ सहसचिव तथा उपसचिवलाई प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी तथा मातहतका निकायमा सरुवा गरिएको हो ।

सरुवा हुनेमा १४ राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) सहित रहेका छन् । गृहसचिव विनोदप्रकाश सिंहका अनुसार मन्त्रालयले अतिरिक्तमा रहेका ११ सहसचिवको पदस्थापन र तीनजनाको सरुवा गरेको छ भने ११ जना सहसचिवको विभिन्न निकायमा सरुवा गरेको छ । जसअनुसार सहसचिव रामबन्धु सुवेदीलाई अध्यागमन कार्यालय त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौंको प्रमुख अध्यागमन अधिकृतमा पठाएको छ भने त्यहाँका वासुदेव घिमिरेलाई गृह मन्त्रालय वा अन्तर्गत सारिएको छ ।

सहसचिव रुद्रसिंह तामाङलाई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र महादेव पन्तको आन्तरिक व्यवस्थापन महाशाखा, गृहमा पदस्थापन गरिएको छ । यसैगरी, मेखबहादुर मगरातीलाई जिल्ला प्रशासन कार्यालय पाँचथर, रामकृष्ण अधिकारीलाई लमजुङ, जयकुमार घिमिरेलाई जुम्ला, प्रेमप्रसाद आचार्यलाई पर्वत, कोमलप्रसाद धमलालाई दोलखा, वेदप्रसाद खरेललाई सल्यान, मदन कोइरालालाई प्यूठान र रामकुमार महतोलाई जाजरकोटको प्रमुख जिल्ला अधिकारीमा पदस्थापन गरिएको छ ।

थानेश्वर गौतमलाई धनकुटा र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी सहसचिव अनिता निरौलालाई जिल्ला प्रशासन कार्यालय रामेछापको प्रमुख जिल्ला अधिकारीमा सरुवा गरिएको मन्त्रालयले जनाएको छ । जिल्ला प्रशासन कार्यालय पाँचथरका प्रमुख जिल्ला अधिकारी गणेश गैरेलाई जिल्ला प्रशासन कार्यालय जुम्लाको सहायक प्रजिअ, धनकुटाकी लीलाकुमारी केसी (पाण्डे) लाई पाँचथरको सप्रजिअ, दोलखाका प्रजिअ शेखर पौड्याललाई जिल्ला प्रशासन कार्यालय इलामको सहायक प्रजिअ, रामेछापका प्रजिअ शोभाखर रेग्मीलाई जिल्ला प्रशासन कार्यालय बैतडीको सहायक प्रजिअमा सरुवा गरिएको छ ।

यसैगरी, जिल्ला प्रशासन कार्यालय लमजुङका प्रजिअ वसन्तराज पुरीलाई सहायक प्रजिअ दोलखा, पर्वतका प्रजिअ चित्रांगत बरालालाई सप्रजिअ बागलुङ, र बागलुङका प्रजिअ गणेशप्रसाद पौडेललाई जिल्ला प्रशासन कार्यालय पर्वतको सहायक प्रजिअ र प्यूठानका प्रजिअ वेदप्रसाद अर्याललाई जिल्ला प्रशासन कार्यालय रौतहटको सहायक प्रजिअमा सरुवा गरिएको छ ।

गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय सल्यान, जुम्ला र जाजरकोटका प्रजिअहरू क्रमशः कृष्णचन्द्र पौडेल, मुकेशकुमार केशरी र अञ्जन न्यौपानेलाई क्रमशः प्यूठान, धनुषा र धनकुटाको सहायक प्रजिअ बनाई पठाएको जनाएको छ ।

# चितवनका ३३ स्थानमा आगलागी

**चितवन–** जिल्लाका विभिन्न स्थानमा आगलागी हुँदा छ जना घाइते भएका छन् । चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा भएको आगलागीमा परी उनीहरू घाइते भएका हुन् ।

चालु आवमा जिल्लामा ३३ स्थानमा आगलागी भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । कार्यालयको तथ्यांकअनुसार विभिन्न स्थानमा भएको आगलागीमा अधिकांश मानवीय त्रुटिका कारण भएको देखिएको छ ।

कार्यालयको विपद् व्यवस्थापन शाखाका अनुसार गत आवमा जिल्लामा ४४ स्थानमा आगलागी हुँदा दुई जनाको मृत्यु भएको थियो भने ११ जना घाइते भएका थिए । आगलागीको समय सुरु हुन लागेकाले सबैलाई सजग रहन प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले अनुरोध गरे । उनले जिल्लामा अहिले आपत्कालीन कार्ययोजना निर्माणको काम भइरहेको जानकारी दिए ।

उनले भने, 'सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा डिभिजन वन कार्यालय, सुरक्षा निकायका सबै अंग, सामुदायिक वन महासंघ, रेडक्रस जस्ता संस्थाको सहभागितामा कार्ययोजना निर्माणको काम भइरहेको छ ।' चैत १५ गतेसम्म कार्ययोजना तयार हुने जनाउँदै उनले यो कार्यान्वयनमा आएसँगै आगलागीबाट हुने क्षति न्यूनीकरण गर्न सहज हुने बताए ।

गर्मी मौसम बढेसँगै विभिन्न कारणले आगलागी हुने गरेकाले यसको नियन्त्रणका लागि जनचेतना महत्वपूर्ण हुने उनको भनाइ छ । स्थानीय प्रशासनले जिल्लामा रहेका सात पालिकालाई नै जनचेतनाका कार्यक्रमका लागि आग्रह गरिएको उनले जानकारी दिए ।

उनले भने, 'हामीले पूर्वतयारी गरिरहेका छौं ।' पालिकामा रहेका दमकल, एम्बुलेन्स र सुरक्षा निकायलाई तयारी अवस्थामा रहन भनिएको उनले बताए । मौसममा आएको परिवर्तनसँगै हुने हावाहुरी, डढेलो र चटचाङ जस्ता कारणले आगलागी बढी हुने गरेको छ । *रासस*

# प्रहरीले खोज्न थाल्यो बेवारिसे मोटरसाइकलका धनी

**झापा–** जिल्ला प्रहरी कार्यालयले लामो अवधिदेखि प्रहरी परिसरमा बेवारिसे अवस्थामा थन्क्याइएका मोटरसाइकलका हकदारको खोजी सुरु गरेको छ ।

कार्यालयले यही फागुन २६ गते सार्वजनिक सूचना जारी गर्दै प्रहरीका विभिन्न परिसरमा २३३ मोटरसाइकल बेवारिसे रहेको हुँदा त्यसको हकदाबी गर्न १५ दिनको म्याद दिएको जनाएको छ । पन्ध्र दिनभित्र हकदाबी गर्न कोही नआएमा कानुनबमोजिम लिलामी प्रक्रिया अघि बढाइने जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी खगेन्द्रप्रसाद रिजालले बताए ।

जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयमा बेवारिसे अवस्थामा यस्ता मोटरसाइकल सयौंको संख्यामा वर्षौंदेखि राखिँदै आएको छ । अधिकांश मोटरसाइकल चालू अवस्थामा छैनन् भने कतिपयको पार्टपुर्जा हराएका वा बिग्रिसकेका छन् । ब्लुबुक नभेटिएका, भारतबाट चोरी भएर आएका, चेसिस नम्बर र नम्बर प्लेट नभएकालगायतका मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिने गरेको छ । सुरक्षितरूपमा भण्डारण नगरिएका कारण कैयौं मोटरसाइकल लगातार घामपानी परेर कबाडी बनिसकेका छन् ।

मन्त्रिपरिषद्ले जारी गरेको सरकारी सम्पत्ति तथा जिन्सी मालसमान लिलाम बिक्रीसम्बन्धी कार्यविधि २०७९ परिच्छेद् ३ को दफा २० अनुसार प्रहरीले स्वामित्व नखुलेका पुराना सवारीसाधन लिलाम बिक्री गर्न लागेको सूचना अधिकारी रिजालले बताए । लिलामी प्रक्रिया सुरु गरिएका अधिकांश मोटरसाइकल नेपाली नम्बरकै छन् । केही साधन भारतीय नम्बरका र केहीको नम्बर प्लेट नै पत्ता नलागेको अवस्था रहेको प्रहरीले जनाएको छ । *रासस*

# न्यायिक समितिमा चार कार्यपत्र प्रस्तुत हुने

**काठमाडौं (प्रस)-** काठमाडौं महानगरपालिकाको आयोजनामा यही चैत १५ र १६ गते काठमाडौंमा हुन लागेको न्यायिक समिति राष्ट्रिय सम्मेलनमा मुख्यगरी चार कार्यपत्र प्रस्तुत हुने भएका छन् ।

महानगर उपप्रमुख एवं न्यायिक समिति संयोजक सुनिता डंगोलले पहिलो कार्यपत्र न्यायिक समितिको अवधारणा, विभिन्न कानुनमा भएका न्यायिक समितिसम्बन्धी व्यवस्था, न्याय सम्पादनमा न्यायिक समितिको क्षेत्राधिकार र यसको प्रचलन विषयमा हुने इन्दु तुलाधरले प्रस्तुत गर्ने जानकारी दिए ।

सम्मेलनको दोस्रो प्रस्तुतिका रूपमा डा सरिता खनालले न्यायिक समितिले गर्ने न्यायिक निर्णय र यसका लागि अनिवार्यरूपमा पालना गर्नुपर्ने प्रक्रियाका विषयमा प्रस्तुति गर्ने छिन् । तेस्रो विषय स्थानीय विवाद समाधानमा मेलमिलाप प्रक्रिया र यसको प्रवर्द्धन विषयमा हुनेछ । यसलाई रामकृष्ण काफ्लेले प्रस्तुत गर्ने छन् । चौथो प्रस्तुति कामपाको कानुन तथा मानवअधिकार विभागका प्रमुख वसन्त आचार्यले गर्नेछ । उनको विषय न्यायिक समितिले गर्ने न्यायिक निर्णय र यसका लागि अनिवार्यरूपमा पालना गर्नुपर्ने प्रक्रियासम्बन्धी हुनेछ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ अनुसार न्यायिक समितिको क्षेत्राधिकार, दफा ४८ अनुसार अधिकार क्षेत्रको प्रयोग, दफा ४९ अनुसार न्यायसम्पादनका प्रक्रियाबाट न्यायिक समितिले काम गरिरहेका छन् । न्यायसम्पादन गर्दा कानुनका सर्वमान्य सिद्धान्त, नजिरको सिद्धान्त साथै प्रचलित ऐन कानुनको मूल्य र मान्यतालाई आधार मान्ने गरिएको छ ।

कामपासहित ७५३ वटै स्थानीय तहबाट सम्मेलनमा सहभागिता रहने बताइएको छ । सम्मेलनमा एक हजार जनाको सहभागिता रहने महानगरले जानकारी गराएको छ । 'हामीले सबै पालिकाबाट न्यायिक समितिका संयोजकलाई उपस्थित हुन अनुरोध गरेका छौं, संयोजक उपस्थित हुन नसक्ने अवस्थामा सदस्यलाई सहभागी हुन इमेल र फोनमार्फत निमन्त्रणा गरिसकेका छौं,' उपप्रमुख डंगोलले भनिन् ।

सबै स्थानीय तहमा न्यायसम्पादनको अनुभव आदानप्रदान गर्ने उद्देश्यका साथ सम्मेलन आयोजना गर्न लागिएको हो । सम्मेलनमा प्रस्तुति, प्रस्तुतिमाथि छलफल, विषयगत छलफलसहित काठमाडौं घोषणापत्र जारी हुनेछ । यससँगै न्यायिक समितिको राष्ट्रिय, प्रदेशस्तरीय र जिल्लास्तरीय सञ्जाल निर्माण गर्ने योजना रहेको बताइएको छ ।

विगत १० महिनामा कामपाले न्यायिक समितिमार्फत गरेको असल अभ्यासका बारेमा सम्मेलनमा जानकारी दिने तयारी पनि गरेको छ । संवैधानिक व्यवस्थाअनुरूप नै गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था छ ।

# मेलम्चीको पानी सूर्यविनायकमा वितरण गर्न सम्झौता

**भक्तपुर (प्रस)–** काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले सूर्यविनायक नगरपालिका क्षेत्रलाई पनि मेलम्चीको खानेपानी वितरण गर्ने भएको छ ।

सूर्यविनायक नगरपालिका क्षेत्रमा खानेपानीको चरम अभावलाई कम गर्न वडा नं १ देखि ६ सम्म पाण्डुबजारमा रहेको मेलम्ची खानेपानी रिजर्भ ट्यांकीबाट पानी वितरण गर्नेगरी केयुकेएल र नगरपालिकाबीच सहमति पत्रमा हस्ताक्षर भएको छ ।

नगरपालिकाको तर्फबाट नगर प्रमुख वासुदेव थापा र उपप्रमुख सरिता तिमिल्सिना भट्टराई तथा केयुकेएलका तर्फबाट उपकार्यकारी अधिकृत ज्ञानेन्द्रबहादुर कार्की र खानेपानी सञ्चालन महाशाखाका प्रमुख रमेश केसीबीच शुक्रबार सम्झौता पत्रमा हस्ताक्षर भएको हो ।

## विभेदको प्रकृति...

पृष्ठ १ बाट जारी

भएको थियो । उनको निधनपछि पहिचानवादी आन्दोलनकारीहरूले घटनाको 'राजनीतिक बदला' लिने चेतावनी दिइसकेका छन् ।

उनीहरूले आज प्रदेशका १४ वटै जिल्लामा चक्काजाम गर्ने भएका छन् । निधन भएका लाजेहाङको शव उठाउन पनि मानेका छैनन् । लाजेहाङलाई क्षतिपूर्ति नदिउञ्जेल र पहिचानवादी सहिद घोषणा नगरुञ्जेलसम्म शव नउठाउने आन्दोलनरत पक्षको अडान छ ।

उनीहरूले लाजेहाङलाई पहिचानवादी सहिद र मुक्ति योद्धा भनेका छन् भने हरेक कार्यक्रममा लाजेहाङको तस्बिर प्रदर्शन गर्न थालेका छन् । तेह्रथुमको साब्लाका उनको बुबा आमा हाल मोरङको लालभित्तीमा बस्छन् । उनी भने धरान १५ मा बस्दै आएका थिए ।

४२ वर्षीय उनै लाजेहाङ यही ५ चैतमा प्रदेश राजधानी विराटनगरमा भएको प्रदर्शनमा सहभागी थिए । प्रदर्शनको क्रममा निषेधित क्षेत्र तोड्दा प्रहरीले लाजेहाङको टाउकोमा लाठीचार्ज गरेको थियो । त्यसपछि गम्भीर घाइते बनेका उनको अन्ततः निधन भएपछि आन्दोलनकारी थप आक्रोशित भएका छन् ।

उनीहरूले प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीको ज्यान लिने धम्की दिएका छन् । मुख्यमन्त्री कार्की स्वयंले सार्वजनिक कार्यक्रममै आफूलाई धम्की आएको खुलासा गरिसकेका छन् ।

आन्दोलनकारीहरूले प्रदेशको नाम कोशी पारित गर्न अग्रसर हुने मुख्यमन्त्रीसँगै मन्त्री र सांसद गरी ८२ जनाविरुद्ध प्रदर्शन केन्द्रित भएको बताएका छन् । उनीहरूले ऐतिहासिक पृष्ठभूमिको आधारमा प्रदेशको नामांकन गर्नुपर्ने माग अघि सारेका छन् । तर, संविधानतः १७ फागुनमा प्रदेशको नामांकन दुईतिहाइ बहुमतले पारित गरेको हो ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### कहाँ गयो नेपाली नोट ?

यतिखेर मुलुक आर्थिक मन्दीको चपेटामा परेको चर्चा र बहस भइरहेको छ । बैंक वित्तीय संस्थाले रकम अभाव भएको बताइरहेका छन् । सहकारी, लघुवित्तहरूमासमेत रकम नभएकाले निक्षेपकर्ताले आफूले राखेको आफ्नै रकम पनि भुक्तानी नपाउने अवस्था सिर्जना भएको छ ।

बैंकहरूमा रकम अभाव भएको हो भने निक्षेपकर्ताहरूको रकम कहाँ गयो भन्ने प्रश्न उठ्न थालेको छ । हरेक वर्ष नेपाल राष्ट्र बैंकले निकाल्ने गरेको रकम कहाँ गयो त ? के साँच्चै नै नेपाली नोट हराएकै हो त ?

बैंक भन्छ- पैसा छैन, व्यापारी भन्छन्- व्यापार छैन, नागरिकहरू- भन्छन् पैसै भएन । नेपाली नोट नेपालबाहेक अन्त चल्दै चल्दैन । त्यसो भए कहाँ गयो त नेपाली नोट ? नेपालमा धेरै नै अर्थविद्हरू छन् । बेला न कुबेला कराउने अर्थविद्हरू अहिले देशमा आर्थिक मन्दीको संकेत गरिरहँदा आफ्नो विज्ञतालाई प्रस्तुत गर्न सकिरहेका छैनन् । सरोकारवाला निकाय तथा व्यक्तिहरूको भनाइ सुन्ने हो भने देश श्रीलंका हुन लागेको हो ? वा श्रीलंका बनाउने प्रयास गर्न खोजिएको हो ।

दश बर्षे सशस्त्र द्वन्द्व होस् वा विनासकारी भूकम्प, नाकाबन्दी होस् वा कोरोना महामारीका समयमासमेत चलायमान नेपालको अर्थतन्त्र अहिले किन संकटतिर उन्मुख छ । कतै आर्थिक मन्दीको ढोलक पिटेर जनतालाई आर्थिक आतंक सिर्जना गराउने कुनै खेल त भइरहेको छैन ?

अहिले आर्थिकरूपमा विषम् परिस्थिति बनाएको यो अवस्थामा केन्द्रीय बैंकका रूपमा रहेको नेपाल राष्ट्र बैंकले विभिन्न पेसा व्यवसाय गरिरहेका नागरिक व्यवसायीहरूलाई समेत मध्यनजर गर्दै हरेक दिन देशको आर्थिक अवस्थाको बारेमा जानकारी गराउनुपर्ने अवस्था आएको छ ।

केही आर्थिक क्षेत्रका सञ्चारकर्मीलाई मात्र च्यापेर हिंड्ने नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयले जनताको आर्थिक आतंक मच्चिरहेका बेला मौन बस्नुको कारण के होला ? अर्थ मन्त्रालयको बजेट महाशाखाले सरकारी निकायका बजेटलाई धमाधम कटौती गरिरहेको छ । कतिपय महत्त्वपूर्ण बजेट पनि सिंहदरबारभित्रको एउटा बैठक कोठामा बसेर काटिरहनुभन्दा के कारण बजारमा रकम अभाव भएको छ भन्ने कुराको अध्ययन गरी सार्वजनिक गर्नुपर्ने होइन र ?

मुलुकमा रकम अभाव भएको देखाएर कतै आर्थिक हस्तक्षेप गर्ने प्रयास त होइन ? अनुत्पादक क्षेत्रका रूपमा रहेको सेयरबजार, घरजग्गार एवं सवारीमा लगानी गर्ने बैंकहरूले उच्च मूल्यका कृषि वस्तुहरूको उत्पादनमा लगानी गर्ने हो भने नेपाली रकम अभाव होइन तीनै उच्च मूल्यका कृषि बस्तु निर्यात गरेर डलर भित्र्याउन सकिने सोच बनाउने कि हल्ला मात्र गरेर जनतालाई आतंकित बनाउने ?

## मननयोग्य

### विदुर नीति

अनेक गुण सम्पन्न विदुरले धृतराष्ट्रलाई नीतिगत उपदेश मात्र गरेनन् । उनले त कुरु राजघरानामा बेलाबखत देखापर्ने जटिल समस्याहरू समेतलाई समाधान गर्ने गरेका थिए। पाण्डुका पाँचवटै छोरा पाण्डु वन निवास गर्दै गरेको समयमा जन्मिएका थिए । त्यतिबेला सबैलाई थाहा थियो कि आपका (या रोगको कारणले) राजा पाण्डु सन्तान उत्पत्ति गराउन सक्षम छैनन् । यस्तो स्थितिमा जन्मेका पाण्डुपुरहरूलाई राजपरिवारको सदस्य, पाण्टुका सन्तान हुन् भनी स्वीकार गराउनलाई पनि ज्यादै सुझबुझ लगाउनुपर थियो । यस्तो अवस्थामा पनि पाण्डुपुत्रहरूलाई 'राजपुर पाण्डव' र दुर्योधनाधिलाई कौरव भन्ने स्वीकार गराउनमा पर्दाका पछाडि विदुरको महत्त्वपूर्ण भूमिका रह्यो । यति मात्र होइन, पाण्डुपुत्रहरूलाई परिश्रमी र लगनशी रूपमा तयार गराएर आर्यावर्तका सर्वश्रेष्ठ व्यक्ति हुन् भन्ने पनि सिद्ध छाडेका थिए ।

द्रौपदीको स्वयम्बरपश्चात् विदुरले नै कुलवधू द्रौपदीसहित पाँच पाण्डव र कुन्तीलाई हस्तिनापुरमा आफ्नो साथ ल्याएका थिए । जब कि सबैले पाण्डवहरूलाई लाक्षागृहमा डढेर मरिसके भन्ने विश्वास गरेका थिए, यस्तो अवस्थामा पनि पाण्डवहरू जीवित नै छन् अनि जुन ब्राह्माण पुत्रले द्रौपदीको स्वयम्वरमा लक्ष्यवेध गर्यो ऊ नै अर्जुन हो र बाँकी पाँच भाइ पाण्डव हुन् भनी विश्वास दिलाउन विदुरलाई कति कठिन पर्यो होला सहजै अनुमान गर्न सकिने कुरा हो । त्यसमा पनि धृतराष्ट्र र भीष्मपितामहलाई (पत्यार) विश्वास दिलाउन झनै असजिलोसमेत परेको थियो । (क्रमशः)

# एसिड आक्रमणको मनोवैज्ञानिक असर



निगम कोइराला

कुनै पनि मानिसको अनुहार वा शरीरमा अर्को व्यक्तिले अंग कुरूप गराउने वा हत्या गर्ने उद्देश्यले एसिड फयाँक्ने गरिन्छ भने त्यसलाई सरल भाषामा 'एसिड आक्रमण' भनेर बुझिन्छ । यसरी जानाजानी अरुको शरीरमा एसिड फयाँकेर आक्रमण गर्नु जघन्य अपराध हो । एसिड आक्रमणका पीडितको तत्काल उद्धार गरी उसले सही उपचार पाउन सकिएमा एसिडले पुऱ्याएको शारीरिक क्षति कम गर्न सकिन्छ । तर, उसको शरीरमा हुने एसिड जलनको घाउको खत र उसमा पर्ने मानसिक तथा भावनात्मक क्षतिलाई न त पूर्णरूपमा मापन गर्न सकिन्छ न त यसको उपचार नै सहज र सरल हुन्छ । यस्ता घट्नाले पीडितको भविष्य डामाडोल पार्नुका साथै उनीहरूको आशा र सपनाहरूलाई पूर्णरूपमा नष्ट पार्दछ । यसले पीडितको पहिचान, आत्मसम्मान र विश्वासलाई ह्रास गराउँछ । एसिड आक्रमणले पीडितमा कस्तो मनोवैज्ञानिक असर पार्दछ र त्यस्तो अवस्थामा पीडितमा पर्ने मनोवैज्ञानिक असरलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्न बारे यो लेख लक्षित गरिएको छ ।

> एसिड आक्रमणबाट हुने मनोवैज्ञानिक असर जस्तैः डर, त्रास, चिन्ता, निराशा र मानसिक आघातलाई न्यूनीकरण गर्न राज्यबाट यथोचित सहयोग र सद्भाव प्रदान गर्नुपर्दछ । त्यस्तै सम्पूर्ण नागरिकहरूले व्यक्तिगतरूपमा त्यस्ता पीडितहरूलाई साथ र सहयोग दिनुपर्दछ । उनीहरूलाई आवश्यक पर्ने उपचार तथा मनोसामाजिक र मनोवैज्ञानिक परामर्श निःशुल्करूपमा प्रदान गरिनुपर्छ ।

विश्वमा घट्ने अधिकांश एसिड आक्रमणका घट्ना महिलाहरूमाथि हुने गरेको पाइन्छ । त्यसमाथि पनि एसिड आक्रमणका अधिकांश घटना दक्षिण एसियाली मुलुकहरूमा हुने गरेको देखिन्छ । यस्ता घट्ना अक्सर प्रेम वा यौन प्रस्तावलाई अस्वीकार गर्ने महिलाविरूद्ध बदलाको रूपमा पुरुषले गर्ने गरेको पाइएको छ । यस किसिमका आक्रमण नियाल्दा समाजमा विद्यमान लैंगिक असमानता, पुरुषप्रधान सोच, महिलाको सामाजिक, शैक्षिक तथा आर्थिक हैसियत कम हुनु आदि कारक तत्त्वको रूपमा देखिन्छन् ।

विश्वका हरेक राष्ट्रले एसिड आक्रमणको प्रतिवेदन तयार गर्दै आएका छन् र त्यसमध्ये विकासशील राष्ट्रहरू जस्तैः बंगलादेश, कम्बोडिया, पाकिस्तान, भारत, अफगानिस्तान आदि राष्ट्रहरूमा बढी संख्यामा एसिड हिंसा हुने गरेको पाइन्छ । एसिड आक्रमणको घटना नेपालमा खासै सुनिँदैनथ्यो, तर केही वर्षयता यो समस्या बढ्दै आइरहेको छ । एसिड आक्रमणको सिकार बनेकामध्ये अधिकांश पीडितहरू आर्थिकरूपमा न्यून वर्गका छन् ।

केही वर्षअघि कालोपुल, काठमाडौं बस्ने जेनी खड्का (पीडितको स्वीकृतिमा सही नाम उल्लेख गरिएको) आफ्नै श्रीमान्बाट एसिड आक्रमणमा पर्दा उनको गर्धन, छाती र हात पूरै प्रभावित हुनपुग्यो । १४ वर्षको हुँदै आफूभन्दा २० वर्ष जेठो पुरुषसँग बिहे गरेकी जेनीले आफ्नो बालापन पनि राम्ररी अनुभव गर्न पाएकी थिइनन् । श्रीमान्बाट पनि माया र सद्भाव पाउन सकिनन् । कलिलो उमेरमै उनले अपमान र दुःख मात्रै पाइनन् एसिडको पीडा पनि भोग्नुपऱ्यो । सानैमा बिहे हुनु, पढाइ पूरा गर्न नपाउनु, घरबार सम्हाल्नुपर्ने जिम्मेवारीले दिएको मानसिक तनाव त छँदै थियो त्यसमाथि एक्कासि सोच्दै नसोचेको पीडा भोग्नुपर्दा उनलाई सुरुमा आत्महत्या गर्ने सोच पनि आएको थियो । एसिड आक्रमणको कारण कारण शारीरिक पीडा त छँदै थियो त्यसमाथि आर्थिक अवस्था कमजोर भएकोले अस्पतालमा उपचारको खर्च जुटाउन नसक्दा मानसिक पीडा झनै थपिएको थियो । विभिन्न व्यक्ति तथा संस्थाको प्रेरणा र सहयोगले जेनीले जसोतसो एसिड आक्रमणको पीडालाई केही हदसम्म भुल्न सफल भएकी छन् भने भविष्यमा यसरी अन्यायमा परेका महिलाहरूको हक हितका लागि लड्ने प्रण लिएकी छन् ।

जेनी त एक प्रतिनिधि पात्र मात्र हुन् । उनीजस्तै नेपालमा थुप्रै महिलाहरू एसिड आक्रमणमा परेर पीडादायी जीवन जिउन बाध्य भएका छन् । नेपालमा एसिड आक्रमणमा परेकाहरूको अध्ययन गर्दा उनीहरूले मूलतः तीनथरीको अवस्थामा आउने परिवर्तनका कारण मानसिक चिन्ता हुने देखिएको छ- शारीरिक, आर्थिक र सामाजिक अवस्था । एसिड छयाप्नेहरूमध्ये धेरैले पीडितको अनुहारलाई क्षतविक्षत बनाउने उद्देश्यले छयापेको देखिन्छ । यसले पीडितको अनुहारलाई नै कुरूप बनाइदिन्छ । कतिले आँखा गुमाएका छन् भने कतिको कान नै विलुप्त भएको देखिन्छ । त्यस्तै कतिले हात गुमाएका छन् । एसिडको प्रभावले धेरैले श्वासप्रश्वास र आँखासम्बन्धी दीर्घरोगबाट ग्रसित भएको पाइएको छ । यसरी अनुहार कुरूप हुँदा, अंगभंग हुँदा र विभिन्न रोग लाग्दा उनीहरू मानसिकरूपमा विक्षिप्त हुन्छन् । यसैको कारण कतिले आत्महत्याको प्रयाससमेत गरेको भेटिन्छ ।

त्यस्तै, एसिड आक्रमणले पीडितलगायत उसको परिवारमा आर्थिक असर पार्दछ । माथि उल्लेख गरिएझैं नेपालका अधिकांश एसिडपीडितहरू आर्थिकरूपमा विपन्न परिवारका छन् । एसिड आक्रमणको उपचार खर्च अत्यन्तै महँगो पर्ने हुँदा उपचारको क्रममा नै उनीहरू आर्थिक अभावका कारण मानसिक तनावमा पर्दछन् । एसिड आक्रमणका साथमा आर्थिक समस्यामा पर्दा धेरै पीडित तथा तिनका परिवारका सदस्यहरू मानसिकरूपमा विक्षिप्त भएको पाइएको छ । त्यस्तै, परिवारको गुजाराका लागि कमाउने व्यक्ति नै एसिड आक्रमण परेको अवस्थामा त परिवारको आर्थिक अवस्था डामाडोल नै बनाइदिन्छ । अनुसन्धानको क्रममा धेरैले यस्तो अवस्थामा आत्महत्या नै प्रमुख विकल्पको रूपमा लिएर त्यसको लागि प्रयास गरेको भेटियो ।

एसिड आक्रमणमा परेकाहरूमा मानसिक तनाव बढाउने अर्को प्रमुख कारण भनेको सामाजिक अपहेलना हो । अनुहार कुरूप र शरीरमा अंगभंग भएपछि पीडित मानसिकरूपमा विक्षिप्त त भएकै हुन्छ, त्यसमाथि घरबाहिर निस्केपछि उनीहरूले अनेक प्रकारका प्रताडनाहरू भोग्नुपर्ने हुन्छ । कतिपय समाजमा एसिडपीडित महिलालाई नै त्यसको दोष लगाउने गरिन्छ । 'यो नै दायाँबायाँ लागीहोली, त्यसैले यसलाई श्रीमान्ले एसिड छयापिदियो' भन्ने जस्ता आरोप लगाइने गरिन्छ । एसिडपीडित जेनीका अनुसार एसिड आक्रमणमा परेपछि उनी घरबाट निस्कनेबित्तिकै छिमेकीहरूबीच ' खासखुस' सुरु हुन्थ्यो । त्यस घटनापछि कत्तिले त उनीसँग बोलचालै बन्द गरे ।

त्यस्तै, परिवार र नातागोताका सदस्यहरूले आवतजावत बन्द गरेको घटना पनि सुनियो । केहीले आक्रमणपश्चात् आफ्नो 'प्रेम सम्बन्ध' टुटेको र हुन लागेको बिहे पनि तोडिएको कुरा बताएका छन् । यसरी एसिड आक्रमणले वैवाहिक जीवनमा पनि आघात पुऱ्याउने र पारिवारिक सम्बन्धमा दरारका कारण उनीहरू थप मानसिक तनावमा पर्दछन् । कतिपय पीडितहरू अघोषितरूपमा सामाजिक बहिष्करणमा परेको कुरा सुनाउँछन् । यसले उनीहरू आफू एक्लो भएको महसुस गर्दछन् र थप मानसिक चिन्तामा पर्दछन् ।

उल्लिखित कारणहरूले गर्दा पीडितहरूमा नैराष्यता पैदा हुन्छ । यस्तो अवस्थामा आत्मबल गिर्ने हुँदा उनीहरू त्रासका सिकार हुन्छन् । पीडकले फेरि आक्रमण गर्ने पो हो कि वा आफ्नो परिवारका सदस्यहरूलाई पुनः आक्रमण गर्छ कि भनेर आतंकित हुने गर्दछन् । जेनी खड्काको पनि यस्तै अनुभव छ । उनका श्रीमान् अहिले जेलमा छन् । जेल पर्नुअघि र जेलबाट पनि फोनमा उनलाई 'म निस्कनेबित्तिकै तँ र तेरो परिवार सबैलाई मार्छु' भनेर धम्की दिएको कारण उनी अझै पनि बेलाबेलामा झस्किने गर्छिन् । तसर्थ, एसिड आक्रमणमा परेकाहरूको मनोवैज्ञानिक त्रासलाई कम गर्नु जरुरी छ । समाजमा विनाडर बाँच्न पाउने उनीहरूको हकलाई सुनिश्चित गर्नु पर्दछ ।

एसिड हिंसा अन्त्य गर्न उत्तम तरिका भनेको यसको जड कारणहरूलाई सम्बोधन गरेर यस्ता घटना नै हुन नदिनु हो । एसिड आक्रमणको रोकथाम गर्न बनेका नीतिहरूको कडाइका साथ कार्यान्वयन हुन आवश्यक छ । एसिड आक्रमणबाट हुने मनोवैज्ञानिक असर जस्तैः डर, त्रास, चिन्ता, निराशा र मानसिक आघातलाई न्यूनीकरण गर्न राज्यबाट यथोचित सहयोग र सद्भाव प्रदान गर्नुपर्दछ । त्यस्तै सम्पूर्ण नागरिकहरूले व्यक्तिगतरूपमा त्यस्ता पीडितहरूलाई साथ र सहयोग दिनुपर्दछ । उनीहरूलाई आवश्यक पर्ने उपचार तथा मनोसामाजिक र मनोवैज्ञानिक परामर्श निःशुल्करूपमा प्रदान गरिनुपर्छ ।

एसिड आक्रमणबाट हुने मनोवैज्ञानिक असरहरूलाई न्यूनीकरण गर्न विभिन्न तवरबाट उपायहरू अपनाउन सकिन्छ ।

**पीडित व्यक्तिलाई गर्नुपर्ने सहयोगः**

क) पीडितहरूको आत्मबल र आत्मप्रेमलाई प्रबल बनाउन सहयोग पुऱ्याउने ।
ख) सकारात्मक र प्रेरणादायी सोचाइको विकासका लागि उनीहरूलाई विभिन्न माध्यमबारे जानकारी गराउने ।
ग) इच्छाएका कुराहरूलाई प्राथमिकता दिएर त्यसमा निरन्तरताका साथ खुसी हुँदै जीवनमा अगाडि बढ्न हौसला दिने ।
घ) पीडितहरूसँग बोल्दा अथवा व्यवहार गर्दा माया र सद्भावना राख्ने । उनीहरूलाई सधैं 'हामी सधैं तिम्रो साथमा छौं' भन्ने कुरा दर्शाउने ।

**पीडितलाई परिवारका सदस्यहरुले गर्नुपर्ने सहयोगः**

क) घरका सदस्य र आफन्तले माया र सुरक्षाभावसहित जीवनमा अगाडि बढ्न हौसला दिने ।
ग) घरका सदस्यहरूले घरको वातावरणलाई शान्त र स्वस्थ बनाउन कोसिस गर्ने ।
घ) पीडितहरूलाई घरको जिम्मेवारीप्रति ध्यान लगाउन प्रोत्सान गर्दै उनीहरूमाथि घटेको घटनालाई बिर्सन वा उनीहरूको मनलाई घटनाबाट हटाउन मद्दत गर्ने ।
ङ) मनोसामाजिक र मनोवैज्ञानिक विशेषज्ञको सहयोग दिलाउने । निरन्तररूपमा मनोसामाजिक परामर्श सेवा दिने ।

**पीडितलाई समाजले गर्नुपर्ने सहयोगः**

क) समाजमा हुनसक्ने भेद्भावलाई पूर्णरूपमा निषेध गर्ने ।
ख) समाजमा मानवता भावना विकास गरी सबैले पीडितहरूलाई 'आफ्नो मान्छे'को व्यवहार गर्ने । उनीहरूलाई पूर्णरूपमा आफू सुरक्षित छु भन्ने विश्वास दिलाउने ।
ग) एसिड आक्रमणका पीडितहरूको हितको निमित्त उनीहरूको न्यायका लागि सामाजिक तथा कानुनीरूपमा सहयोग गर्ने ।
घ) सामाजिक कार्यकर्ताहरूले समाजमा रहेका एसिड आक्रमणका पीडितहरूको आवाजलाई समाजको अगाडि ल्याएर त्यसलाई माथिल्लो तहसम्म पुऱ्याउन सहयोग गर्ने ।

**पीडितहरुलाई राज्यले गर्नुपर्ने सहयोगः**

क) पीडकलाई कडाभन्दा कडा सजाय दिने ।
ख) सरकारबाट एसिड आक्रमणविरुद्ध बनाएको नीति, नियम र कानुनको कडा कार्यान्वयन गर्ने ।
ख) एसिड आक्रमणका पीडितहरूलाई सामान्य मनिसहरूसँग सरकारी वा निजी कार्यालयमा काम गर्ने अवसर दिलाउने ।
ग) पीडितहरूलाई आवश्यक मनोसामाजिक र मनोवैज्ञानिक परामर्श निःशुल्करूपमा दिने व्यवस्था गराउने ।
घ) पीडित र तिनका परिवारका सदस्यहरूको आर्थिक सशक्तीकरणका लागि नयाँ पहलको स्थापना गर्ने ।

माथि उल्लिखित कार्य गर्न सकिएमा एसिडपीडितहरूको मनोवल बढ्नुका साथै उनीहरू समाजमा पुनः स्थापित हुन सक्ने छन् । कुनै पनि व्यक्ति 'एसिडपीडित' हुनुमा उनीहरूको दोष हुँदैन । तसर्थ, समाजले उनीहरूलाई थप माया, सम्मान र हौसला प्रदान गर्नुपर्छ भने समाजमा किन एसिड पीडक पैदा हुन्छ भन्नेबारे बहस गरी त्यसको समाधानका लागि कार्य गर्नु पर्दछ ।

*(लेखक नेपाल स्वास्थ्य विज्ञान अध्ययन संस्थान (स्तुपा कलेज), जोरपाटीमा जनस्वास्थ्य विषय प्राध्यापन गर्छन्)*

## पत्र-मञ्जुषा

### सार्वजनिकस्थलमा धूमपान निषेध कानुनमै सीमित

सरकारले पटक-पटक सार्वजनिकस्थलमा धूमपान निषेध गर्ने भनेको छ । सार्वजनिकस्थलमा धूमपान गर्न र बेच्न दुवैमा मनाही छ । अमेरिका, अस्ट्रेलियालगायत विकसित मुलुकमा सार्वजनिकस्थलमा धूमपान गर्न पाइँदैन । न बेच्न नै इजाजत दिइएको छ । कसैले धूमपान गऱ्यो भने २५० डलरसम्म जरिवाना गराइन्छ । तर, नेपालमा सय रूपैयाँ तिराएर छाडिन्छ ।

सरकारले सार्वजनिक ठाउँमा सुर्तीजन्य पदार्थ बेच्न र सेवन गर्न रोक लगाउनका लागि कानुन नै बनाइसकेको छ । जुन राजपत्रमासमेत प्रकाशित भइसकेको छ । तर, कानुनको उल्लंघन गरेर सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थ बेच्ने र सेवन गर्ने यत्तिकै भेटिन्छन् । सरकारको नियमलाई सर्वसाधारणले धोती लगाइदिएका छन् । अनुगमन नै नभएपछि अटेर गर्नु स्वाभाविकै पनि हो । सरकार कानुन बनाउने र दराजमा थन्काउने गर्छ ।

जनतालाई त्यही कानुन कुल्चिएर नचाहिँदो काम गर्न खुबै रहर लाग्छ । १६ वर्षभन्दा मुनिका बालबालिकालाई चुरोट, खैनी, सुर्ती किन्न पठायो भने बाबुआमालाई कैद सजाय हुने प्रावधान छ । त्यस्तै, बालबालिकालाई यी सामान बेच्ने पसलेलाई पनि कारबाही गरिने कानुन बनाइएको छ । कैद सजाय र जरिवाना दुवै भुक्तान गर्नुपर्ने हुन्छ । तर, यो नियम पनि कसले टेर्ने ?

अभिभावकले बच्चालाई यस्ता सामग्री किन्न पठाएको प्रशस्तै देखिन्छ । स-साना बालबालिका पसलमा चुरोट मागिरहेका भेटिन्छन् । पसलेको कमाउधन्दा हुने भएपछि बेचिहाल्छन् । धूमपान खाने मात्र होइन, उसको परिवार र उसको छेउछाउ भएकालाई समेत असर पुऱ्याउँछ । चुरोटको धुँवा टाढाटाढासम्म पुग्छ । धूमपान गर्नु भनेको पैसाको खेर फाल्नु र रोग निम्त्याउनु हो ।

धूमपानले मानिसको फोक्सो, कलेजोलगायत महत्त्वपूर्ण अंग खराब बनाइरहेको छ । पछिल्लो समय अधिकांशको फोक्सो, मिर्गौला र कलेजो बिग्रेको छ । कारण यही नै हो । धूमपानले व्यक्तिलाई दम हुन्छ । हिँड्न सास्ती गराउँछ । यता, सरकारी कार्यालयका कर्मचारीहरू पनि धूमपानको सेवन गरिरहेका भेटिन्छन् । सरकारले खानु हुँदैन भन्छ तर आफ्नै मातहतका कर्मचारीले टेरेका छैनन् ।

सार्वजनिक यातायातमासमेत चुरोटको धुँवा उडाइरहेका हुन्छन्, यात्रु । होटल, रेस्टुरेण्टमा सबैभन्दा धेरै बिक्री हुने भनेकै चुरोट हो । सर्वसाधारणहरू आफैंले आफ्नो बाँच्ने अवधि छोटयाइरहेका छन् । रोग लागेर जिउनु अर्को सास्ती भइहाल्यो । आफ्नो श्री सम्पत्ति पनि यसैमा सिध्याउनेहरू पनि भेटिन्छन् । जनचेतना कमीले गर्दा मानिसहरूमा धूमपानको लत लागेको हो ।

सरकारले धूमपान गर्नु हुँदैन भनेर बेलाबखत विभिन्न अभियान त चाल्ने गरेको छ । तर, त्यसले निरन्तरता नपाउँदा पनि यस्तो भएको बताइन्छ । त्यस्तै, सरकारले धूमपान गर्न निषेध गर्ने भने पनि अनुगमन गर्दैन । अनि कसरी लागू हुन्छ, धूमपान रोक्ने अभियान ? कुनै पनि मान्छेले आफ्नो आमाको पेटबाट त चुरोट खान सिकेका हुँदैनन् । भोलि आफू कस्तो मान्छे हुने भन्ने कुरा संगतले सिकाउँछ ।

आमाबाबु सद्दे छन् भने छोराछोरी पनि त्यही लाइनमा जान्छन् । अभिभावक नै धूमपानको भोगी छन् भने छोराछोरीले सिक्ने त भइ नै हाले । त्यसपछि साथी संगतले पनि यसमा धेरै प्रभाव पार्दछ । साथीकै लहैलहैमा लागेर कतिपय केटाकेटी बिग्रिएका छन् । समाजले पनि व्यक्तिलाई धेरै प्रभाव पारेको हुन्छ । आफ्नो सामाजिक संस्कृति कस्तो छ ? त्यहीअनुसार त व्यक्ति अघि बढ्ने हो ।

सरकार जनतालाई आम्दानीको स्रोत बनाउने, उद्योग व्यापारीहरू बिष बेचेर पैसा कमाउने !


सरकार जिम्मेवार बनिदिने हो भने क्यान्सर अस्पताल खोल्नै पर्दैन । मुलुकका सबै स्थानीय तहले सार्वजनिकस्थलमा धूमपान बेच्ने र खानेलाई कारबाही गर्नुपर्छ । जरिवाना निकै न्यून भयो । जरिवाना बढाएर १० देखि ३० हजार पुऱ्याउनुपर्छ । कैद सजाय पनि बढाउनुपर्छ । धूमपान रोक्नेबित्तिकै बाटो पनि सफा हुन्छ । यसकारण कानुन कार्यान्वयन प्रभावकारी बनाउन जरुरी छ ।

**-रामकुमार थापा**, बबरमहल

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारवाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**पालो कुर्दै ज्येष्ठ नागरिक**

म्याग्दीको रघुगंगा ४ दग्नाममा शनिबार आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरमा स्वास्थ्य जाँच गराउन आएका ज्येष्ठ नागरिकहरू आफ्नो पालो कुर्दै । *तस्बिरः ध्रुवसाद शर्मा/रासस*

# सुविधा थप्दै जिपी कोइराला उपचार केन्द्र

**दमौली-** पृथ्वीराजमार्गअन्तर्गत तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा अवस्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रले पछिल्लो समययता विभिन्न स्वास्थ्य सुविधा थप गर्दै गएको छ ।

दक्षिण एसियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रका रूपमा स्थापना गर्न सरकारले विसं २०६७ मा पूर्वप्रधानमन्त्री स्व. गिरिजाप्रसाद कोइरालाका नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो ।

सोही ठाउँमा रहेको सेतीगंगा सामुदायिक अस्पतालको स्वामित्व विसं २०७५ मा उपचार केन्द्रलाई हस्तान्तरण गरिएको थियो । हाल उपचार केन्द्रको नाममा सात सय ४० रोपनी जग्गा प्राप्ति भइसकेको छ । जनतालाई सहजरूपमा सबै प्रकारका स्वास्थ्य सेवा दिने उद्देश्यसहित सुविधा विस्तार गरिएको उपचार केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले बताए ।

अस्पतालले श्वासप्रश्वासको विशेषज्ञ सेवा सुरुआत गरेको छ । पूर्वप्रधानमन्त्री कोइरालाको १३औँ स्मृति दिवसको अवसर पारेर अस्पतालले विशेषज्ञ चिकित्सकबाट श्वासप्रश्वासको उपचार सेवा सुरु गरेको हो । हालसम्म जनरल अस्पतालका रूपमा सेवा दिँदै आएको र यस केन्द्रको मुख्य उद्देश्यबमोजिम श्वासप्रश्वाससम्बन्धी विशेषज्ञ सेवा सञ्चालन गरिएको उपचार केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले बताए । अस्पतालमा श्वासप्रश्वास सेवाका लागि श्वासप्रश्वास विशेषज्ञ डा शैलेश गुरुङलाई नियुक्त गरिएको छ ।

'अस्पताल स्थापनाको मुख्य उद्देश्य श्वासप्रश्वाससम्बन्धी उपचारका लागि हो, हालसम्म जनरल सेवामात्रै दिइँदै आएकामा अब श्वासप्रश्वासको उपचार सेवा सुरु भएको छ,' डा श्रेष्ठले भने । श्वासप्रश्वास सेवाका लागि अस्पतालमा एक विशेषज्ञसहित तीन चिकित्सक, तीन स्टाफ नर्स र एक जनस्वास्थ्य निरीक्षकको व्यवस्था गरिएको छ ।

उपचार केन्द्रमा श्वासप्रश्वास सेवाका लागि फोक्सो जाँच गर्ने उपकरण उपलब्ध छ भने बाँकी आवश्यक उपकरण विस्तारै थप गर्दै लैजाने कार्यकारी निर्देशक डा श्रेष्ठले बताए । 'भएका उपकरणमार्फत सेवा दिने र बाँकी उपकरण विस्तारै थप्दै जाने नीति छ,' श्रेष्ठले भने ।

अस्पतालमा दैनिक २५० भन्दा बढी बिरामी उपचारका लागि आउने गरेका छन् । त्यसमध्ये ४०/५० बिरामी श्वासप्रश्वासका रहेको अस्पतालले जनाएको छ । अस्पतालमा नै श्वासप्रश्वास उपचार सेवा सुरु भएपछि यस भेगका सर्वसाधारणले अन्यत्र जिल्ला गएर सेवा लिनुपर्ने बाध्यताको अन्त्य भएको छ ।

उपचार केन्द्रले विभिन्न रोगका उपचार सेवा थप गर्दै गइरहेको छ । केही समय अगाडि मात्रै उपचार केन्द्रमा थाइराइड परीक्षण सेवा सुरु भएको थियो । केन्द्रले नियमितरूपमा शल्यक्रिया सेवा दिइरहेको छ । साना तथा ठूला शल्यक्रिया सेवा सञ्चालन गरेपछि सर्वसाधारणलाई बाहिरी जिल्ला जानुपर्ने बाध्यताको अन्त्य भएको छ । जिल्लामै शल्यक्रिया सेवा पाएपछि उपचारका लागि पोखरा, चितवन वा अन्यत्र जानुपर्ने बाध्यता हटेको बताइन्छ ।

केन्द्रले हर्निया, मलद्वार फाटेको, हाडजोर्नी लगायतको शल्यक्रिया सेवा दिइरहेको छ । केन्द्रमा हाडजोर्नी विशेषज्ञ डा विद्याभुषण ताम्राकार, सर्जन डा परिवर्तन बराल, एनेस्थेसियोलोजिष्ट डा रमेश घिमिरे, डा अभिषेक पौडेललगायतले शल्यक्रिया सेवा प्रदान गर्दै आएका छन् ।

केन्द्रबाट शल्यक्रिया सेवा सुरु भएपछि तनहुँसँगै सीमा जोडिएका स्यांजा, पाल्पा, नवलपुरका सर्वसाधारणलाई सजिलो भएको छ । अस्पतालमा तीन जना विशेषज्ञ र नौ जना मेडिकल अधिकृत कार्यरत छन् । अस्पतालले विशेषज्ञ चिकित्सकबाट हाडजोर्नी तथा नशारोग, जनरल सर्जरी, इन्टरनल मेडिसिन सेवा प्रदान गरिरहेको छ । त्यसबाहेक अस्पतालले केही समय अगाडिबाट कल्चर सेवा पनि सुरु गरेको छ । अस्पतालमा १० देखि ४ बजेसम्म ओपिडी सेवा, चौबिसै घण्टा इमर्जेन्सी सेवा, ल्याब, भिडियो एक्स-रे सेवा, माइनर शल्यक्रियालगायतका सेवा दिइरहेको छ ।

पचास शयचाको अस्पतालमा सवारी दुर्घटनाका घाइतेका अलावा झाडापखला, टाइफाइड, ज्वरो, ग्याष्ट्रिक, पेटसम्बन्धी र हाडजोर्नीका बिरामी नियमित आउने गरेका छन् । अस्पतालमा तनहुँको शुक्लागण्डकी नगरपालिका, भीमाद नगरपालिका, म्याग्दे गाउँपालिका, रिसिङ गाउँपालिकासहित स्यांजा, पाल्पा र नवलपरासीका केही गाउँपालिकाका जनता पनि सेवा लिन आउने गरेका छन् । *रासस*

# ऋणका लागि ऋणबाट ग्रसित छन् महिला

■ सन्तोष महतरा

**रेसुंगा-** गुल्मीको धुर्कोट गाउँपालिका-६ की विजुला परियार हाल चार वटा लघुवित्त संस्थामा आबद्ध छिन् । उनको हाल यी संस्थामा कूल १३ लाख रूपैंयाँ ऋण छ । परियार पहिले एक लघुवित्तमा मात्र आबद्ध थिइन् ।

सो लघुवित्त संस्थाबाट ऋण लिएपछि त्यही ऋण तिर्न एकपछि अर्को गर्दै लघुवित्तमा आबद्ध भइन् । यसरी एउटा संस्थाबाट ऋण लिएर अर्कोमा तिर्दा न पहिलेको चुक्ता हुन सक्यो, न पछिल्लोमा भार घट्यो । ऋण तिर्न लिएको ऋणमध्येको केही परियारले घर खर्चसमेत चलाइन् । अहिले परियार आफूले ऋण तिर्न ऋण लिएपछि ऋणको चंगुलमा परेको स्वीकार गर्छिन् । 'उद्यमशीलतातर्फ लगानी गर्ने ध्यान भएन,' उनले भनिन्, 'हिलोले हिलो पखाल्दा कहिल्यै सफा भएन ।' उनले ऋण लिएर ऋण तिर्दा ऋणबाट उम्कन नसकेको बताइन् ।

परियार हाल धौलागिरि, माइक्रो, चौतारी र सूर्योदय गरी चार वटा लघुवित्त संस्थामा आबद्ध छिन् । एकल महिला भएकाले सुरूमा खुसी भएर संस्थामा लागेकी उनले लिएको ऋण कुनै व्यवसायमा लगाइनन् । उनले ऋण लिएर घरखर्च, बिरामी र अर्को सहकारीको ऋण तिर्नुभयो । एकबाट ऋण लिएर अर्कोमा तिर्दा ऋणको घेराबन्दीमा आफू परेको परियारको भनाइ छ ।

जिल्लाकै छत्रकोट गाउँपालिका-२ की जमुना सोमरे पनि हाल सात वटा लघुवित्त संस्थामा आबद्ध छिन् । गत असारमा पाँच वटाको ऋण जेनतेन चुक्ता गरे पनि दुई लघुवित्तलाई तीन लाख रूपैयाँ तिर्न बाँकी छ । उनको समस्या पनि उही हो । 'पहिले लिएको ऋण बिरामी परेपछि खर्च भयो,' उनले भनिन्, 'पछिल्ला संस्थाको ऋण अघिल्ला संस्थाको तिर्दातिर्दै बाँकी रह्यो ।' कुनै व्यवसाय नभई ऋण तिर्न ऋण लिँदाको परिणाम आफूले भोगेको सोमरेको भनाइ छ ।

गुल्मी दरबार गाउँपालिका-४ की रेमकला पेमीले पनि आठ वटा लघुवित्तबाट ऋण लिएकी छन् । ऋण लिएर चार लघुवित्त संस्थामा तिरे पनि पाँच लाख रूपैयाँ ऋण बाँकी छ । पेमीसँग ऋण तिर्ने अब कुनै उपाय रहेन । कुनै उद्यमशीलतामा लगानी गर्ने नभई घर खर्चको जोहो गर्न ऋण लिएको पेमी सम्झन्छिन् । उनी अहिले निस्कनै नसकिने ऋणको तलाउमा डुबेकी छन् । 'रातमा निद्रा न दिउँसोमा भोक तीर्खा छ,' उनले भनिन्, 'चाहेर पनि लघुवित्तबाट उम्कन सकिएन ।' ऋण लिएपछि लगानीको बाटोमा नभई ऋण तिर्नेतर्फ केन्द्रित भएको उनको भनाइ छ ।

धुर्कोट गाउँपालिका-६ का राजन भण्डारी दुवै खुट्टा राम्रोसँग टेक्दैनन् । दुई लठ्ठीको सहारामा यताउता गर्ने भण्डारी लघुवित्तको ऋणले हल न चल भएका छन् । उनले गाउँभर ऋण खोजेर लघुवित्तमा तिर्दा पनि बाँकी तीन लाख रूपैयाँ ऋण छ ।



उतिबेला घरमै सदस्य बनाउन लघुवित्त आएपछि उनी खुसीले गद्गद् भए । ऋण पाउने भएपछि झनै हर्षका आँशु खसे । तर, ऋण तिर्न ऋण लिएको परिणामले राजनका आँखामा आँशु ओभाएका छैनन् । 'लघुवित्तको ऋण तिर्न गाउँभर डुलेँ,' उनी भन्छन्, 'गाउँका कुनै व्यक्तिले पनि पत्याएन् न त लघुवित्त संस्था नै अब कर्जा दिन तयार छ । अब मेरो ऋण तिर्ने उपाय छैन ।' ऋण लिएर ऋण तिरेपछि समस्या बल्झिँदै गएको उनको भनाइ छ ।

गुल्मी दरबार गाउँपालिका-१ की गोटेली सिञ्जाली र वडा नं ४ की हुमकला घर्ती पनि सोही समस्याबाट पीडित हुन् । उनीहरू पनि पाँचभन्दा बढी लघुवित्तमा आबद्ध हुनुहुन्छ । ऋण नतिर्ने डरका कारण लघुवित्तले तमसुक बनाइदिएको छ । ऋण तिर्न ऋण लिएपछि ऋणको चंगुलमा परेको उनहरू स्वीकार गर्छिन् ।

यो समस्याबाट जिल्ला धेरै व्यक्ति गुज्रिएका छन् । गुल्मी जिल्लामा मात्र १० हजारभन्दा बढी महिला यो समस्याबाट ग्रसित रहेको बताइएको छ । गुल्मीमा २८ लघुवित्त संस्थाले झण्डै एक अर्ब रूपैयाँ लगानी गरेका छन् । यो लगानी उठ्नुको सट्टा ऋण नतिर्ने भन्दै आन्दोलन चर्किन थालेको छ । सामान्य समस्यालाई बहाना बनाएर ऋण मिनाहाको माग गर्दै आन्दोलन गर्नेक्रम निरन्तर बढिरहँदा ती लघुवित्त संस्था पनि ठूलो आर्थिक संकटमा फसेका छन् । अधिकांश ऋणी अहिले आफूहरूको ऋण मिनाहा हुनुपर्ने माग गर्न थालेका छन् ।

लघुवित्तसम्बन्धी हालको समस्या आउनुमा त्रिपक्षीय त्रुटी छ । ऋणी, लघुवित्त र स्थानीय तहको गैरजिम्मेवारीपनले समस्या विकराल बनेको देखिन्छ । ऋणीहरू व्यावसायिक योजना नबनाइ ऋण लिने, ऋण लिएर ऋण तिर्ने र घरखर्च गर्नाले लघुवित्तको समस्या बढ्दै गएको हो ।

लघुवित्तले ऋण लैजान अनिवार्य गर्ने, पारिवारिक सहमतिविना दिने र उद्यमशीलतामा लगानी नगरे पनि हुने गर्नाले समस्या भएको हो । स्थानीय सरकारले ग्रामीण भेगका महिलालाई आम्दानीमूलक कार्यक्रमका तालिम नदिने, लघुवित्तको जबर्जस्तीपनलाई बेवास्ता गर्नाले समस्या थप बढेको जानकारहरू बताउँछन् ।

यतिबेला देशभर लघुवित्तलाई गलत देखाउँदै ऋण नतिर्नका लागि देशव्यापी मोर्चासमेत बनेको छ । लघुवित्तविरुद्धको संघर्ष समिति नेपालको अध्यक्ष बनेर गुल्मीका मनिराम ज्ञवाली ऋण मिनाहाको माग गर्दै हिँडडेका छन् । उनी ऋण नतिर्नका लागि निरन्तर आन्दोलनमा छन् । लघुवित्तले राष्ट्र बैंकको निर्देशिका बाकसमा च्यापेको ज्ञवालीको आरोप छ ।

'ऋण लिएपछि तिनुपर्छ भन्ने थियो,' उनले भने, 'लघुवित्तको अन्यायपूर्ण ऋण मिनाहा हुनैपर्छ ।' लघुवित्तले ग्रामीण महिलालाई आर्थिक र सामाजिक शोषण गरेको उनको आरोप छ । उनकै नेतृत्वमा केही दिन अगाडि गुल्मीको सदरमुकाम तम्घासमा जिल्लाभरका महिला जम्मा भएर आन्दोलन समेत गरेका थिए ।

गुल्मीको एक लघुवित्तका सञ्चालक अर्जुन आचार्यले ऋण लिएपछि ऋण तिर्नैपर्ने बताउँछन् । 'समस्याको पहिचान हुनुपर्छ,' उनले भने, 'कमजोरी होलान् तर नकारात्मकरूपले अगाडि बढेर भएन ।' उनले ऋणी र लघुवित्तका खास समस्याबारे स्थानीय तहले चासो दिनु सकारात्मक रहेको बताए ।

धुर्कोट गाउँपालिकाले लघुवित्त संस्था र ऋणीको खास समस्याबारे पहलकदमी काम गरेको छ । 'आत्महत्या होइन उद्यमशीलता-ताला चाबी होइन खेतबारी हरियाली' भन्ने अभियानका साथ ऋणी र लघुवित्त संस्थाबीच गाउँपालिकाले छलफल गरेको पालिका अध्यक्ष भूपाल पोखरेलले बताए । 'समस्या लघुवित्त संस्था र ऋणी दुवैमा रहेछ,' उनले भने, 'कृषि र पशुपालनको उद्यमशीलतामा ऋणी केन्द्रित हुनुपर्छ ।' उनले आफूहरूले पनि उद्यम गर्ने गरी तालिम प्रदान गर्नेलगायतका कार्यक्रम ल्याउने बताए ।

लघुवित्त संस्थाले ब्याजदर घटाउने, पारिवारिक सहमतिमा ऋण दिने, ऋण तिर्न ऋण नदिने, व्यावसायिक योजना बनाउनेलाई मात्र ऋण दिनेलागयतका काम गर्नुपर्ने तथा ऋणीले पनि व्यवसायमा लगानी गर्ने, ऋण लिएर फजुल खर्च नगर्ने र समयमै किस्ता र ब्याज तिर्नुपर्ने साथै ऋण लिएर ऋण तिर्ने परिपाटीको अन्त्य गर्ने सम्झौता भएको छ । यसमा स्थानीय तहले ऋणीलाई उद्यमशील बनाउन तालिम दिने, उत्पादित वस्तुको बजारीकरण गर्ने, सीपमूलक तालिम र औजार वितरण गर्ने गरी त्रिपक्षीय सहमति भएको हो ।

लघुवित्त संस्थाका प्रमुख तथा प्रतिनिधि र ऋणीले संयुक्त हस्ताक्षर गरेर धुर्कोट गाउँपालिकामार्फत नेपाल सरकारलाई समेत अनुरोध गरेका छन् । भेलामा उपस्थित ४० जनाले हस्ताक्षर गरेर लघुवित्त संस्थाका कानुन संशोधन गर्ने, एक पालिकामा एक लघुवित्तले मात्र लगानी गर्ने, विपन्न परिवारलाई सस्तो दरमा ऋण दिने, लघुवित्तको अनुगमन स्थानीय तहलाई दिने, ग्रामीण क्षेत्रमा लगानीको ब्याजदर एक अंकमा झार्ने, प्राकृतिक प्रकोप र जटिल रोगबाट ग्रसित परिवारको ऋण मिनाहा गर्नुपर्ने भन्दै ऋणी, लघुवित्त र गाउँपालिकाले संयुक्त अनुरोध गरेका हुन् । *रासस*

# बाल सुधार गृहमा क्षमताभन्दा दोब्बर बालक

**बागमती-** भौतिक पूर्वाधारको अभावलगायत समस्या भोग्दै आएको हेटौंडास्थित बाल सुधार गृहमा क्षमताभन्दा दोब्बर बालक रहेका छन् ।

संघीय सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत रहेको सो बाल सुधार गृहमा तोकिएको भन्दा दोब्बर बालक आश्रित रहेका छन् । करिब ३५ जनाको क्षमता रहेको सो बाल सुधार गृहमा अहिले ६८ बालक आश्रित छन् । सुधार गृहमा १८ वर्षमुनिका विभिन्न अभियोग लागेका र फैसला भएकालाई त्यहाँ राख्नुपर्ने प्रावधान भए पनि बढी उमेरकालाई समेत राख्नुपर्ने बाध्यता रहेको सुधार गृहका निमित्त प्रमुख प्रदीप गौतमले जानकारी दिए ।

हाल यहाँ १४ वर्ष उमेर पुगेका बालकदेखि २२ वर्षसम्मकालाई राखिएको छ । 'सामान्य लेखपढ गर्नेदेखि ११ कक्षासम्म पढ्नेलाई राखेका छौं । मधेस र कोशी प्रदेशका बालसुधार गृहमा चाप बढेपछि हेटौंडा पठाउने गरिएको छ,' उनले भने । विकल्प नहुँदा क्षमताभन्दा बढी बालक राख्नु परेको गौतमको भनाइ छ ।

वि.सं. २०७५ मा स्थापना भएको हेटौंडा बाल सुधार गृहमा बालकका लागि बस्ने, खाने, स्वास्थ्य उपचार, लत्ताकपडा, बाल सुधार गृहबाटै परीक्षा दिने तथा खेल्ने व्यवस्था छ । पुस्तकालयकोसमेत व्यवस्था छ । सुधार गृहमा करणी मुद्दाका ४२, डाँकाचोरी मुद्दाका आठ, सवारी ज्यान र कर्तव्य ज्यान मुद्दाका तीन/तीन, लागूऔषधका पाँच, चोरी मुद्दाका चार, शरीर बन्धक तथा अपहरण मुद्दाका एक बालक आश्रित रहेको बताइएको छ । *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASIAN INSULATION CO

पूर्व स्वीकृति मिति २०७९/०५/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/११ | LT. No. 244678 | चलानी नं. ६०१८०१६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 17 | 0 | 1000 | ३६,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १९ गते (2nd Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४२०/०६०/६१

**FOUR STAR OVERSEAS EMPLOYMENT SERVICE PVT. LTD.**
Samakhusi-29 Kathmandu, Nepal.
Tel: 01-4986653, 4986396 ,9851017238, 9851039202
Email: 4starover09@gmail.com, Website: www.4staroverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELITE COATING SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०४/३१ | पून स्वीकृति मिति : २०७९/१२/११ | LT. No. 269652 | चलानी नं. :६०१८५५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 20 | 0 | 1500 | ४४७२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः भदौ ८ गते (24th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कःनिःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३८/०७४/०७५

**S.And S.Human Resource Pvt. Ltd.**
Chapagaun Dobato-15, Lalitpur, Nepal Tel : +977-1-5151287,
Fax : +977-1-15151287, E-mail : sands1238@gmail.com

# प्रभाव दैनिक

आइतबार, १२ चैत २०७९ (Sunday, March 26 2023)


रूपशाला

## बोर्ड सदस्यमा बुढाथोकी र अधिकारी नियुक्त

चलचित्र विकास बोर्डमा रिक्त रहेको सदस्य पदमा दुई चलचित्रकर्मी नियुक्त भएका छन् । रिक्त रहेका तीनमध्ये दुई पदमा निर्देशक केएल बुढाथोकी र निर्माता रवि अधिकारी नियुक्त भएका हुन् । शुक्रबार सदस्यको हैसियतले बोर्डमा पदभार ग्रहण गर्दै सदस्य अधिकारीले चलचित्र विकासका लागि काम गर्ने बताए । 'पत्रकारिता र चलचित्र निर्माणबाट संगालेको अनुभवले यहाँ काम गर्नेछु, बाहिर हुँदा देखेको समस्यालाई समाधान गर्ने स्थानमा पुगेको छु', सदस्य अधिकारीले भने । गत बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले उनीहरूलाई दुई वर्षका लागि बोर्ड सदस्यमा नियुक्त गर्ने निर्णय गरेको थियो ।



# एकै मञ्चमा सरुभक्त र तीर्थ




■ प्रभाव संवाददाता

**पोखरा–** कवि सरुभक्त र तीर्थ श्रेष्ठ शनिबार एकै मञ्चमा झुल्किए । पोखरामा जन्मेहुर्केका कविद्वयलाई नेपाली लेखक सङ्घ, गण्डकीले मञ्चस्थ गराएको हो ।

'दौँतरी' नाम दिइएको कार्यक्रममा सुरुभक्त र तीर्थले आफ्ना चर्चित कविता सुनाए । सरुभक्तले 'सपनाले सिसौको बोटमा आत्महत्या गर्दैछ', 'चट्टानहरू', 'एक किलो अक्षर', 'बम खसेको पहाड' बाटलगायत कविता सुनाए ।

तीर्थले 'हिउँमा लेखिएका नामहरू', 'लाहुरे फूल म तिम्रो नाम फेर्न चाहन्छु', 'मातेको बेला'आदि प्रस्तुत गरे । सरुभक्तले तीर्थको कविता 'आमा' वाचन गरे । तीर्थले सुरुभक्तको 'कसरी नाम दिउँ म तिमीलाई' सुनाए ।

कविता पाठसँगै दुवैले सिर्जन-कर्मका अन्तरकुन्तर पनि खोले । विगततिर फर्किएर आफ्नै कविताका रचना गर्भ कोट्याए । उमेरले चार वर्षले तलमाथि भए पनि सुरुभक्त र तीर्थ पोखराका साहित्यिक दौँतरी हुन् । विसं २०१२ सरुभक्त र २०१६ तीर्थको जन्म वर्ष हो ।

उनीहरूको मित्रता भने ४५ वर्ष लामो छ । विसं २०३५ देखि तीर्थ र आफूबीच सङ्गत सुरु भएको सरुभक्तले बताए । 'हिउँमा लेखिएका नामहरू' कविता सुनाउँदै कवि तीर्थले सो कवितालाई सरुभक्तसँगको सम्बन्धको 'स्मारक'का रूपमा अर्थ्याए ।

सरुभक्तले पनि तीर्थको उक्त कवितालाई आफूहरूबीचको मित्रताको निशानीका रूपमा लिए । सरुभक्तसँगै विसं २०५५ तिर पञ्चासे-भञ्ज्याङ पुगेर फर्केपछि तीर्थले उक्त कविता लेखेका थिए । 'पञ्चासेबाट फर्किंदा हिउँले बाटो सेताम्मे भएको थियो, गाउँलेले टेक्न दिएको लौरोले हिउँमा सुरुभक्तको नाम लेखेँ', तीर्थले भने, 'त्यो यात्राले कविता जन्मायो, कविता लेख्नै मलाई छ महिना लाग्यो ।' कवि तीर्थको उक्त कवितालाई छोटो तर शक्तिशाली मानिन्छ । साहित्यिक मञ्चमा उनले सुनाइरहने कवितामा पर्छ- 'हिउँमा लेखिएका नामहरू' ।

हिउँमा रमाउँदै पञ्चासेबाट फर्कंदाको तस्बिर अझै पनि आफूसँग सुरक्षित रहेको सुरुभक्तले बताए । संरक्षण कविता आन्दोलनताका आफूसँगै तीर्थ, विक्रम गुरुङ र अनिल रञ्चितकार पञ्चासे पुगेको उनले सम्झिए । सरुभक्तले तीर्थसँगको मित्रताबारे पोखराबाहिर पनि चर्चा हुने गरेको बताए । 'कुनै विषयमा सहमति-असहमति हुनु बेग्लै कुरा भयो, नत्र हामीबीच जहिल्यै निःस्वार्थ र हार्दिक सम्बन्ध छ', उनले भने ।

कवि तीर्थले सरुभक्तसँग भेट भएपछि जीवनमा धेरै कुरा भेटिएको बताए । पोखरेली युवा सांस्कृतिक परिवारलाई आकार दिनेदेखि कैँयन साहित्यिक अभियान र सिर्जनात्मक काममा आफूहरू सँगसँगै रहेको उनले उल्लेख गरे ।

पोखरेली वाङ्मयिक जगतमा सरुभक्त र तीर्थ पर्यायवाची जस्तै हुन् । दुवै पोखरामा रहेर पनि राष्ट्रियस्तरमा छवि उठाएका प्रतिभा हुन् । दुई घण्टा बढी चलेको कार्यक्रमको सहजीकरण सङ्घका अध्यक्ष डा ईश्वरमणि अधिकारीले गरेका थिए । 'दौँतरी' शृफ्लाको शुभारम्भ दुई प्रसिद्ध कविबाट गर्न पाउँदा गौरवको अनुभूति भएको अध्यक्ष अधिकारीले बताए । 'दौँतरी'को आउँदो भागमा दुई मुक्तककारलाई प्रस्तुत गर्ने सङ्घको तयारी छ । 'वर्षमा दुई वटा शृफ्ला चलाउने सोचिरहेका छौँ', अध्यक्ष अधिकारीले भने ।

# चलचित्र निर्देशनमा कवि उपेन्द्र सुब्बा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्रको इतिहासमा घरेलु 'बक्सअफिस'मा राम्रो कमाई गर्ने 'कबड्डी' शृंखलाका लेखक उपेन्द्र सुब्बा निर्देशक बनेका छन् । यहाँ आयोजित पत्रकार सम्मेलनमा कविसमेत रहनुभएका सुब्बाले आफू निर्देशित चलचित्र 'जारी' को 'ट्रेलर' सार्वजनिक गर्दै योजनागत रूपमा निर्देशक नबनेको बताए ।

'म राम्रो निर्देशक बन्छु भन्ने सोचले आएको होइन । राम्रो र फरक कथा भन्छु भन्ने योजनाअनुरूप आएको हुँ', निर्देशक सुब्बाले भने, 'नयाँ पुस्तासम्म यो कथा ल्याउनुपर्छ भनेर चलचित्र नै तयार गरेको हुँ ।' उनले लिम्बू समुदायमा रहेको जारी प्रथाको कथावस्तुमार्फत वैवाहिक सम्बन्ध, महिला स्वतन्त्रता र दाम्पत्य जीवनको आयामलाई चित्रण गर्ने चलचित्रमा एकअर्कालाई बुझेर अगाडि बढ्नुपर्ने सन्देश रहेको जानकारी दिए ।

अभिनेता दयाहाङ राईले मन परेको कथामा भूमिका निर्वाह गरेको जनाकारी दिए । 'यसले श्रीमान्सँगै श्रीमतीको स्वतन्त्रतालाई समेटेको छ । जीवनसाथी छनोट गर्ने महिलाको अधिकारलाई पनि हामीले यहाँ देखाएका छौँ', अभिनेता राईले भने । सोही मितिमा आफू अभिनित अर्को चलचित्र 'बिहे पास' समेत प्रदर्शन हुनुलाई उनले सहजरूपमै लिन आग्रह गरे । 'सायद कोरोनापछि तयार भएका चलचित्रलाई दर्शकसम्म पुर्‍याउन सबैले राम्रो समय हेर्नुभएको हुन् सक्छ । म यहीँ समयमा छायाङ्कनमा समेत हुन्छु । यद्यपि यो सब प्रक्रिया नै हो', उनले भने ।

अभिनेत्री मिरुना मगरले आफ्नी आमा लिम्बू भएकाले लिम्बू समुदायप्रति लगाव रहेको बताए । 'मैले सानैदेखि देख्दै आएको कुराहरू नै चलचित्रमा गरे । यद्यपि यसलाई कुनै एकभन्दा पनि सबैले महसुस गर्नुहुनेछ । किनकि यो हाम्रै समाजको कथा हो', अभिनेत्री मगरले भने । चलचित्रलाई ' कबडी ४' का निर्देशक रामबाबु गुरुङले निर्माण गरेका छन् । उनले राम्रो कथालाई दर्शकसम्म पुर्‍याउन आफू र आफ्नो टिमले निर्माणमा सहकार्य गरिरहेको बताए । चलचित्र 'जारी' आउँदो वैशाख १ मा प्रदर्शन हुँदैछ ।



# 'संग्रामबहादुर सार्की' पुस्तक सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** कथाकार खगेन्द्र सङ्ग्रौलाको 'सङ्ग्रामबहादुर सार्की' पुस्तक विमोचन भएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानमा बेला प्रकाशनद्वारा आयोजित समारोहमा प्रतिष्ठानका कुलपति भुपाल राई, लेखक खगेन्द्र सङ्ग्रौला, साहित्यकार युग पाठक र सामाजिक अभियन्ता सरिता परियारद्वारा संयुक्तरूपमा उक्त पुस्तकको विमोचन भएको हो ।

पुस्तकमा विसं २०२७ देखि २०५० सम्म लेखिएका आठ कथाहरूको सङ्ग्रह समावेश गरिएको छ । नेपाली समाजमा दलितमाथि गरिएको विभेदको यर्थाथ चित्रण कथाहरूमा समावेश गरिएको लेखक सङ्ग्रौलाले बताए ।

कथामा समावेश गरिएका समाज, राज्य व्यवस्था, संस्कृतिले ल्याएको दलितमाथि प्रयोग हुने अपमान शब्दहरू, पात्र, विषय प्रत्यक्षरूपमा देखिएका र अनुभव गरेको विषयवस्तुलाई समावेश गरिएको उनले जानकारी दिए ।

समारोहमा प्रतिष्ठानका कुलपति राईले कथा आवाजविहीनहरूको आवाज रहेको बताए । उनले भने, 'दलितमाथि गरेको ज्यादति लेखकका कथामा रहेको छ । कथाबाट नेपाली समाजमा दलितले भोगेको पीडा उत्पीडनलाई उल्था गरेको छ । उनीहरूमाथि गरेको विभेद असह्य रहेकाले पुस्तकले त्यो अन्यायको अन्त्य गर्नुपर्ने आवश्यक छ ।' लेखकले दलितमाथि लेखिएका आठ कथाभित्रका दलित महिलाविरुद्धको यौन शोषण, दलितले जीवन जिउनका लागि गरेको सङ्घर्ष, दमन, उत्पीडन, पीडा, दलितले दलित महिलालाई गर्ने व्यवहारलाई लेखकले न्यायसङ्गतरूपमा कथामा समेटेको अभियन्ता परियारले बताए ।

साहित्यकार युग पाठकले जात अनुकूल शक्ति संरचना बनाई दलितको आत्मसम्मानमा विगतमा आँच पुर्‍याएको तीतो यर्थाथतालाई कथामा समावेश गरिएको बताए । कथाका पात्र, चरित्रले नेपाली समाजको यथार्थ प्रतिविम्ब गरेको उनको भनाइ छ ।

## रंगशाला

### श्री नेसन्स कप

# लाओसद्वारा भुटान पराजित

■ प्रभाव संवाददाता




**काठमाडौं–** प्रधानमन्त्री श्री नेसन्स कप फुटबल प्रतियोगितामा लाओसले भुटानलाई पराजित गरेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार भएको खेलमा लोआसले भुटानलाई २-१ गोल अन्तरले हराएको हो ।

लाओसको जितमा बोन्पाचान बोन्कोङले दुई गोल गरे ।भुटानका चेन्चो ग्याल्सेनले एक गोल फर्काए । खेलको तेस्रो मिनेटमा बोन्पाचानले गोल गर्दै लाओसलाई सुरुआती अग्रता दिलाएका थिए । तर, ३४ औं मिनेटमा कप्तान ग्याल्सेनले गोल गर्दै भुटानलाई १-१ गोलको बराबरीमा ल्याए । त्यसपछि खेलको ७१ औं मिनेटमा बोन्पाचानले व्यक्तिगत दोस्रो गोल गर्दै लाओसलाई २-१ को जित दिलाए । यस जितसँगै लाओसले २ खेलमा ३ अंक जोडेको छ । लोआसले फाइनल पुग्ने सम्भावना कायम राखेको छ । पहिलो खेलमा लाओसलाई नेपालले २-० ले हराएको थियो । भुटानले १ खेल अंक जोड्न सकेको छैन । भुटानको पनि फाइनल पुग्ने सम्भावना कायम रहेको छ । अब भुटानले मंगलबार नेपालसँग खेल्नेछ । उक्त खेलपछि फाइनल पुग्ने टोलीको तय हुनेछ ।

प्रतियोगितामा आयोजक नेपालसहित भुटान र लाओसको सहभागिता रहेको छ । सिंगल राउण्ड रोबिनको आधारमा हुने प्रतियोगिता शीर्ष दुई टोलीले उपाधिका लागि चैत १७ गते खेल्ने छन् । प्रतियोगिताको विजेताले ५ हजार अमेरिकी डलर, दोस्रोले ३ हजार डलर पाउने एन्फाले जनाएको छ । प्रतियोगिताको उत्कृष्ट खेलाडीले ५ सय अमेरिकी डलर पाउने छन् ।

# भोजपुर गोल्डकपमा मोरङ विजयी

■ प्रभाव संवाददाता

**भोजपुर–** सर्वाधिक राशिको 'छैटौँ अन्तर्राष्ट्रिय आमन्त्रण मेयर भोजपुर गोल्डकप' प्रतियोगिताअन्तर्गत भएको खेलमा ट्राइबेकरमा युकेएफसी भारतको टिमलाई हराउँदै मोरङ विजयी भएको छ ।

भोजपुर सदरमुकामको स्थानीय टुँडिखेलमा शुक्रबारदेखि जारी जिल्लाकै प्रतिष्ठित गोल्डकप प्रतियोगितामा दुवैतर्फबाट एक-एक गोल भएपछि ट्राइबेकरमा खेलाइएको खेलमा युकेएफसी भारतलाई हराउँदै डाँगीहाट युथ क्लब मोरङ सेमिफाइनल प्रवेश गरेको छ ।

निर्धारित समयमा भारतका लागि खेलको २०औँ मिनेटमा जर्सी नम्बर-६ का खेलाडी बिरेन प्रधानले एक गोल गरेका थिए भने मोरङका तर्फबाट जर्सी नम्बर ६ का विशाल पाण्डेले खेलको ७४औँ मिनेटमा एक गोल गर्दै खेललाई बराबरी अवस्थामा पुर्‍याएका थिए ।

खेल बराबरी भएपछि समय थप नगरी सिधा ट्राइबेकरमा खेल सञ्चालन गरिएको थियो । सो क्रममा डाँगीहाट युथ क्लब मोरङका तर्फबाट विवेक राई, प्रवीण राई, धिरेन विष्ट र सन याक्खाले चार गोल गरे भने युकेएफसी भारतका तर्फबाट पेमा लामा, तुसार विश्वकर्मा र साहिल राईले तीन गोलमात्र गर्न सफल भए ।

खेलको म्यान अफ द म्याच डाँगीहाट युथ क्लब मोरङका जर्सी नम्बर १६ का गोलकिपर चरी लिम्बू भएका छन् । शुक्रबार भएको पहिलो खेलमा एनबिवाइसी सप्तरीलाई दुईका विरुद्ध चार गोल गर्दै आयोजक भोजपुर जिल्ला फुटबल सङ्घ सेमिफाइनल प्रवेश गरिसकेको छ ।

प्रतियोगितामा दुई बाहिरी र छ नेपाली गरी आठ टिमले सहभागिता जनाएका छन् । प्रतियोगितामा युकेएफसी दार्जिलिङ भारत, एभिनियर फुटबल क्लब क्यामरुन, भोजपुर जिल्ला फुटबल सङ्घ, एनबिवाइसी सप्तरी, गोर्खा ब्वाइज रूपन्देही, डाँगीहाट युथ क्लब मोरङ, भगवती स्पोर्टस् क्लब खोटाङ र बसाहा क्लब उदयपुर सहभागी रहेको खेल संयोजक आङपासाङ शेर्पाले जानकारी दिए ।

गोल्डकपको मुख्य प्रायोजक भोजपुर नगरपालिकाले प्रतियोगिता सञ्चालनका लागि रु २५ लाख सहयोग गरेको छ । करिब रु ३२ लाख ८० हजारको लागतमा सञ्चालन भएको प्रतियोगिताको विजेताले उपाधिसहित नगद रु पाँच लाख र उपविजेताले रु तीन लाख पाउने छन् भने व्यक्तिगत विधातर्फ पनि आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ ।

आइतबारको तेस्रो खेल गोर्खा ब्वाइज रूपन्देही र भगवती स्पोर्टस् क्लब खोटाङका बीच हुने आयोजक भोजपुर जिल्ला फुटबल सङ्घका अध्यक्ष प्रवीण सुवालले बताए । चैत १० बाट सुरु प्रतियोगितामा १० देखि १३ गतेसम्म क्वाटरफाइनल, १४ र १५ गते सेमिफाइनल तथा १६ गते फाइनल खेल सञ्चालन हुनेछ ।

### तिलोत्तमा गोल्डकप

# मनाङ मर्स्याङ्दीलाई उपाधि

■ प्रभाव संवाददाता

**बुटवल–** २२ औं तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि मनाङ मर्स्याङ्दी क्लबले जितेको छ । बुटवल देवीनगरस्थित एन्फा टेक्निल सेन्टरको मैदानमा शनिबार सम्पन्न फाइनलमा सुदूरपश्चिमलाई ट्राइब्रेकरमा ९-८ गोल अन्तरले हराउँदै मनाङले उपाधि जितेको हो ।

उपाधिसँगै मनाङ सुदूर पश्चिमले ११ लाख ११ हजार १ सय ११ रूपैयाँ पाएको छ भने उपविजेता मनाङ सुदूर पश्चिमले ५ लाख ५५ हजार ५ सय ५५ रूपैयाँ पाएको छ । २०३३ सालदेखि सुरू भएको तिलोत्तमा गोल्डकपको उपाधि मनाङले पहिलोपटक जितेको हो । निर्धारित समयमा दुबै टिमले १-१ गोल गरेका थिए । त्यसपछि खेल ट्राइब्रेकरमा गएको हो ।

सुदूर पश्चिमका फागुराम थारुको प्रहार विपक्षी गोलरक्षक जियानाथ शेखले रोके भने दीपेन्द्र मलासीको प्रहार पोस्ट बाहिर गएपछि मनाङको जित निश्चित भएको थियो ।




प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीले नगद एक लाख रूपैयाँ वा एक थान मोटरसाइकल, उत्कृष्ट अग्रपंक्तिका खेलाडी, गोलरक्षक, मध्यपंक्तिका खेलाडी, रक्षापंक्तिका खेलाडी र प्रशिक्षकले जनही ३० हजार रूपैयाँका दरले पुरस्कार पाएका छन् ।

उत्कृष्ट गोलरक्षक मनाङका जियानाथ शेख, उत्कृष्ट रक्षापंक्तिको खेलाडी आशिस गुरुङ, उत्कृष्ट अग्रपंक्तिको खेलाडी सुदूरपश्चिमका फागुराम थारु, उत्कृष्ट मध्यपंक्तिको खेलाडी मनाङका बिशन गुरुङ, उत्कृष्ट मध्यपंक्तिको खेलाडी मनाङकै किरण श्रेष्ठ घोषित भए । तिलोत्तमा गोल्डकपको २१ औं संस्करणको उपाधि क्यामरुनको दाउफिन्स क्लबले जितेको थियो ।

### इटहरी गोल्डकप

# चर्च ब्वाइजलाई हराउँदै सगरमाथालाई उपाधि

**इटहरी (प्रस)–** सगरमाथा युथ क्लब विराटचोकले १३ औं संस्करणको इटहरी गोल्डकपको उपाधि रक्षा गरेको छ । शनिबार भएको फाइनलमा चर्च ब्वाइज युनाईटेड क्लबलाई सडनडेथमा ६-५ ले हराउँदै सगरमाथाले उपाधि रक्षा गरेको हो ।

उपाधिसँगै सगरमाथाले नगद १० लाख रूपैया प्राप्त गरेको छ । उपविजेता चर्चले ५ लाख रूपैया प्राप्त गर्यो । यसअघि १२ औ संस्करणमा त्रिभुवन आर्मीलाई हराउँदै सगरमाथाले उपाधि जितेको थियो । निर्धारित समयमा दुवै टोलीले गोलरहित बराबरी खेलेपछि निर्णयको लागि पेनाल्टी सुटआउट रोजिएको थियो । मनोज राईले पेनाल्टी सुटआउटमा गोल गर्न चुक्दा चर्च ब्वाइजले सिजनको पहिलो उपाधि जित्ने अवसर गुमाउन पुग्यो ।

सगरमाथालाई उपाधि दिलाउन कप्तान महेन्द्र कार्की, अविशेक लिम्बु, मेसुके ओलामाउ, स्टेफेन बिनोङ, राजिव लोप्चन र विवेक बर्माले गोल गरे । चर्चका फ्रयाङकलिन, कप्तान मिलन राई, रन्जित पाण्डे, बेम्पा र गोलरक्षक प्रिसोले गोल गरे । खेलको म्यान अफ दि म्याच चर्चका मौसम लिम्बु घोषित हुँदै नगद १० हजार प्राप्त गरे । प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी सगरमाथाका कप्तान महेन्द्र कार्की घोषित हुँदै नगद १ लाख रूपैया प्राप्त गरे ।

व्यक्तिगत विधातर्फ सगरमाथाको वर्चस्व रहयो । प्रतियोगिताको उत्कृष्ट गोलरक्षक सगरमाथाका देव लिम्बु, उत्कृष्ट डिफेन्डर विशाल बस्नेत, उत्कृष्ट फरवार्ड स्टेफेन र उत्कृष्ट प्रशिक्षक याम गुरुङ घोषित भए । उनीहरूले जनही २० हजार रूपैया प्राप्त गरे ।

उत्कृष्ट मिडफिल्डर चर्चका मौसम लिम्बु र उदियमान खेलाडी राष्ट्रिय जागृतिका अशिम राई घोषित भए । मौसमले २० हजार र अशिमले ३२ इन्चको टेलिभिजन पाए । सर्वाधिक गोलकर्ता मछिन्द्रका कप्तान अफिज ओलावाले घोषित भए ।



इजरायली सैनिकहरूले प्रहार गरेको अश्रुग्यास छल्न दौडिरहेका एक प्यालेस्टाइनी प्रदर्शनकारी। नाब्लसको पूर्व, बेइट दाजानको वेस्ट बैंक गाउँमा यहूदी बस्तीहरूको विस्तारको विरूद्ध विरोध प्रदर्शनको क्रममा भएको झडपमा अश्रुग्यास प्रहार गरिएको हो। तस्बिरः *सिन्हवा*

# अमेरिकामा आँधीका कारण २३ जनाको मृत्यु

**वासिङ्टन-** अमेरिकाको मिसिसिपी राज्यमा स्थानीय समय अनुसार शुक्रबार राति आएको आँधीबेहरी र भीषण हावाहुरीका कारण २३ जनाको मृत्यु भएको अधिकारीहरूलाई उद्धृत गरी एबिसी न्युजले उल्लेख गरेको छ।

मिसिसिपी इमर्जेन्सी म्यानेजमेन्ट एजेन्सी (एमइएमए) का अनुसार राज्यको राजधानी ज्याक्सनबाट करिब ११० किलोमिटर उत्तरमा रहेको शार्की र हम्फ्रेज काउन्टीमा खोजी तथा उद्धार कार्य जारी छ। 'मिसिसिपी डेल्टाका धेरैलाई आज राति तपाईंको प्रार्थना र ईश्वरको सुरक्षाको खाँचो छ,' स्थितिको भयानक तस्बीर चित्रण गर्दै गभर्नर टेट रिभ्सले ट्वीटरमा लेखेका छन्।

उनले भने, 'हामीले प्रभावितका लागि थप एम्बुलेन्स र अन्य आपतकालीन सम्पत्ति उपलब्ध गराउने गरी मेडिकल सहयोग जारी गरेका छौं। खोजी र उद्धार कार्य जारी छ।' मौसमको रिपोर्ट हेर्न र सतर्क रहन स्थानीयबासिन्दालाई सचेत रहन भनिएको छ। एबिसीका अनुसार शार्की काउन्टीमा १३, क्यारोल काउन्टीमा तीन र मुनरो काउन्टीमा दुई जनाको मृत्यु भएको छ। हम्फ्रेज काउन्टीको सिल्भर सिटीमा एक व्यक्तिको मृत्यु भएको राज्य राजमार्ग गस्ती टोलीले एबिसीलाई बताएको छ। मृतक र वेपत्ताहरूको संख्या निकै हुनसक्ने अधिकारीहरूले बताएका छन्।

टिभीमा प्रसारित भिडियोमा आपत्कालीन सेवाहरूले सहयोगको खाँचो परेकाहरूलाई पुऱ्याउने प्रयास गरिरहँदा घरहरू समतल भएको र सडकहरूमा भग्नावशेष छरिएको देखिएको छ। मेमाका मालरी ह्वाइटले भने, 'जहाँसम्म आधिकारिक क्षतिको आकलन शनिबार मध्याह्नसम्म असम्भव हुने देखिएको छ।'

'अहिले हाम्रो मुख्य प्राथमिकता जीवन सुरक्षा हो र मानिसहरूको अवस्थाको लेखाजोखा र उनीहरू सुरक्षित छन् भनेर सुनिश्चित गर्नु हो,' उनले सिबिएस न्युजसम्बद्ध डब्ल्युजेटिभीलाई भने। शुक्रबार राज्यभरका विभिन्न काउन्टीमा चक्रवातको चेतावनी जारी गरिएको थियो। तर स्थानीय समयअनुसार शनिबार बिहान २:४८ बजे ज्याक्सनका लागि 'चक्रवातको अवधि समाप्त भएको' राष्ट्रिय मौसम सेवाले बताएको छ। *रासस/एएफपी*

# 'भारतको आवज विश्वभर सुनिनेछ'

**नयाँदिल्ली-** भारतका विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताका साथै सञ्चारमाध्यमले भारतको आवाज अब विगतको भन्दा अझ चासो दिएर अन्तर्राष्ट्रिय समुदायले सुन्ने बताएका छन्।

सुरतको अदालतले मानहानि मुद्दामा दुई वर्ष जेल सजाय सुनाएको भोलिपल्ट संसद्को तल्लो सदनको कार्यालयले विपक्षी दलका नेता राहुल गान्धीको सांसद पद खारेज गरिएको घोषणा गरेको सन्दर्भमा उनीहरूले भारतप्रति विश्वको चासो बढ्ने बताएका हुन्।

राजनीतिक दलका नेता तथा सञ्चारमाध्यमले गान्धीलाई जानाजान मानहानि मुद्दामा दोषी ठहर गरिएको आरोप लगाएका छन्। कांग्रेस नेता शशी थरुरले गान्धीको आवाज सत्तारुढ दलले दबाउन खोजे पनि उनको आवाज अब संसारका कुना-कुनामा पुग्ने बताएका छन्।

राष्ट्रिय राजधानीस्थित पार्टी मुख्यालयमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै कांग्रेस नेता अभिषेक मनु सिंघवी र जयराम रमेशले भाजपा नेतृत्वको सरकार राहुल गान्धीको टिप्पणीबाट विचलित भएको बताए। गान्धीविरुद्धको मुद्दा कानुनीभन्दा पनि राजनीतिक विषय भएकाृ बताउँदै नेता रमेशले न्यायालयको निर्णयबाट लोकतन्त्रको घाँटी थिच्ने अभीष्टलाई सहयोग पुगेको बताए।

नेता गान्धीका वकिलहरूले समयमै उचित कानुनी प्रक्रिया अवलम्बन नगरिएको बताउँदै उनीहरूले गान्धीको भाषण प्रधानमन्त्री नरेन्द्र मोदीप्रति लक्षित भएकाले उजुरीकर्ता पुर्नेश मोदी नभई प्रधानमन्त्री मोदी हुनुपर्थ्यो भनेका छन्।

सन् २०१९ मा कर्नाटक राज्यको कोलारमा आयोजित चुनावी सभामा नेता गान्धीले 'चोर मोदीहरू' भनेका थिए। उनले भगौडा व्यापारी नीरब मोदी र ललित मोदीलाई लक्ष्य गर्दै त्यसो भनेका थिए।

नेता गान्धीको उक्त अभिव्यक्तिले मोदी थर भएका सबैको मानहानी भएको जिकिर गर्दै भारतीय जनता पार्टी (भाजपा)का विधायक एवं गुजरात राज्यका पूर्वमन्त्री पूर्णेश मोदीले उनीविरुद्ध मुद्दा दायर गरेका थिए। अदालतको फैसला सुन्न नेता गान्धी सुरत अदालत पुगेका थिए। 'मेरो धर्म सत्य र अहिंसामा आधारित छ। मेरो भगवान् सत्य हो, अहिंसा यसलाई प्राप्त गर्ने माध्यम हो,' अदालतको आदेशपछि सामाजिक सञ्जालमा महात्मा गान्धीलाई उद्धृत गर्दै राहुल गान्धीले हिन्दीमा लेखेका थिए। त्यसयता नेता गान्धीले कुनै प्रतिक्रिया दिएका छैनन्। नेता गान्धी दक्षिणी राज्य केरेलाको वायानाड राज्यबाट सांसद निर्वाचित भएका थिए। यसैबीच नेता गान्धीको सांसद पद खारेज भएकामा त्यसको विरोध गर्दै महाराष्ट्रमा विरोध प्रदर्शन भएको छ। महाराष्ट्र राज्यसभामा मुखमा कालोपट्टी बाँधेर नेताहरूले मौन विरोध प्रदर्शन गरेका हुन्। राज्यसभा भवनको सिँढीमा शिवसेनाका नेता उदय ठाक्रे, आदित्य ठाक्रे र कांग्रेसका नेता जयन्त पाटिललगायत बसेका थिए। *रासस/एएनआई*

## किभ गुम्बाका भिक्षुहरूले अवज्ञा गरे निष्कासन आदेश

**किभ, युक्रेन-** युक्रेनी र रूसी दुवै इतिहासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको किभ गुम्बामा मस्कोप्रति बफादार रहेको आरोप लागेका सयौं भिक्षुहरूले निष्कासनको अवज्ञा गरिरहेका छन्।

सरकारले बुधबारसम्म किभ-पेचेर्स्क लाभ्रा छाड्नुपर्ने बताएको छ तर भिक्षुहरूले भने उक्त आदेशको कुनै आधार र योजना नभएको बताएका छन्। चर्चका प्रवक्ता आर्कबिशप क्लिमेन्टले गुम्बामा एएफपीसँग भने, 'निष्कासनको कुनै कानुनी आधार छैन।'

भिक्षुहरू रूसी अर्थोडक्स चर्चको अधिकारअन्तर्गत युक्रेनी अर्थोडक्स चर्चका सदस्य हुन्। तर,गत वर्ष रूसले युक्रेनमाथि आक्रमण गरेपछि चर्चले युद्धका समर्थक रुसी प्याट्रिआर्क किरिलसँग सम्बन्ध तोडेको थियो। तर, युक्रेन सरकारले उनीहरू अझै पनि मस्कोमा निर्भर छ भन्ने विश्वास गर्दछ।

निप्रो नदीको दृश्यावलोकन गर्ने गुफा गुम्बा ११ औं शताब्दीमा स्थापना भएको थियो र यो युनेस्कोको विश्व सम्पदा क्षेत्र हो। 'रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको युक्रेनविरुद्धको युद्धको निन्दा गर्ने युक्रेनको पहिलो धार्मिक संगठन हाम्रो चर्च हो,' क्लिमेन्टले भने। 'मातृभूमिको रक्षाका लागि चर्चले युक्रेनी सेनालाई आशीर्वाद दिएको छ,' उनले भने।

तर यसै महिनाको सुरुमा सरकारले राज्यको सम्पत्ति नियमको 'उल्लंघन' भएको भन्दै चर्चलाई खाली गराउन लागेको बताएको थियो। प्रवक्ताले क्लिमेन्टले अब 'जबर्जस्ती निष्कासन' र बिजुली, पानी र इन्टरनेट कटौतीको खतरा रहेको बताएका छ। उनले भने, 'हामी सकेसम्म लाभ्रामा बस्नेछौं।' *रासस/एएफपी*

# 'चीनले रूसलाई हतियार आपूर्ति गरेको छैन'



**ओटावा-** अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेन युद्ध प्रारम्भ भएपछि रुसलाई चीनले हातहतियार आपूर्ति नगरेको बताएका छन्। विगत तीन महिनादेखि आफूले रुसलाई चीनबाट हतियार आपूर्ति भएको खबर सुने पनि अहिलेसम्म बेइजिङले त्यसो नगरेको उनले बताए।

'चीनले अहिलेसम्म रुसलाई हतियार उपलब्ध गराएको छैन भन्नेमा म विश्वस्त छु' क्यानडा भ्रमणमा रहेका अमेरिकी राष्ट्रपतिले यहाँ भएको पत्रकार सम्मेलनमा भने। साथै, उनले चीन र रुसबीचको सम्बन्धलाई सामान्यरूपमा नलिएको बताउँदै पछिल्लो समय सार्वजनिक भएका समाचारमा बढाइचढाइ भएको बताए।

राष्ट्रपति बाइडेनले प्रजातन्त्रवादी पश्चिमा मुलुकबीचको सुदृढ सम्बन्धमा जोड दिँदै पारस्परिक एकता र सहयोग अपरिहार्य भएको बताए उनले प्रशान्त क्षेत्रमा विद्यमान अमेरिकी गठबन्धन 'क्वाड' र अस्ट्रेलिया, भारत, जापान, अस्ट्रेलिया र बेलायत सम्मिलित औकुस (एयुकेयुस) महत्त्वपूर्ण सुरक्षा साझेदार हुन् भने।

यसैसाता चिनियाँ राष्ट्रपति सी चिनफिङबाट भएको रुस भ्रमण मस्को र बेइजिङबीचको विशेष प्रकृतिको सम्बन्धलाई अझ सुदृढ बनाउने प्रयास हो भन्दै राष्ट्रपति बाइडेनले युक्रेनलाई परास्त गर्न चीनले मस्कोलाई हातहतियार आपूर्ति गर्ने प्रतिबद्धता नजनाएको बताए।

चीनले रुसलाई हतियार दिने घोषणा गरेको भए अमेरिकासहित पश्चिमा मुलुकले बेइजिङमाथि कडा प्रतिबन्ध लगाउने परिस्थिति सृजना गर्थ्यो। युरोपमा नै अपर्याप्त भएको रुसी इन्धन चीनले खरिद गर्ने प्रतिबद्धता पनि व्यावहारिक एवं दीर्घकालीन नभएको अमेरिकी राष्ट्रपतिको विश्लेषण थियो।

एक पृथक प्रसंगमा राष्ट्रपति बाइडेनले आफ्नो देश इरानसँग द्वन्द्वमा फस्न इच्छुक नरहेको तर आफ्ना नागरिक र कर्मचारीको रक्षाका लागि बलप्रयोग गर्न पनि पछिनपर्ने बताएका छन्। आफ्नो सुरक्षा टोली सिरिया भ्रमणमा जाने तयारीमा रहेको जानकारी दिँदै उनले उक्त कुरा बताएका हुन्।

उत्तरपूर्वी सिरियाको हस्काह समीप अवस्थित गठबन्धन सेनाको शिविरमा बिहीबार भएको ड्रोन आक्रमणमा एक जना अमेरिकी ठेकेदारको मृत्यु हुनाका साथै अमेरिकी सेनाका पाँच जना सदस्य घाइते भएपछि अमेरिकाले त्यहाँ तत्काल हवाई हमला गरेको थियो। ड्रोन आक्रमणको प्रतिकारमा अमेरिकी सेनाले गरेको हवाई हमलामा इरान समर्थक आठ जना लडाकू मारिएका थिए।

अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले राष्ट्रपति बाइडेनको निर्देशनमा इरानको इस्लामिक रिभोलुस्नरी गार्डस् कर्प्ससँग सम्बद्ध समूहले प्रयोग गर्दै आएको स्थानमा हवाई हमला गरिएको बताएका थिए।

सिरियामा सक्रिय इरानी समूहले उक्त आक्रमण गरिएको ठानिएको छ किनकी ड्रोन इरानमा निर्माण गरिएको अमेरिकी गुप्तचर निकायले जनाएको छ। *रासस/एएफपी*

## चार करोड ५० लाख टन खाद्यान्न उत्पादन गर्ने लक्ष्य

**किभ-** युक्रेनले सन् २०२३ मा चार करोड ५० लाख टन खाद्यान्न उत्पादन गर्ने बताएको छ।

युक्रेनका प्रधानमन्त्री डेनिस इश्मिहालले यो बर्ष युक्रेनले चार करोड ५० लाख टन खाद्यान्न र गेडागुडी उत्पादन गर्ने लक्ष्य राखेको बताएका हुन्। 'युक्रेनलाई आबश्यक खाद्यान्न अघिल्लो वर्षजस्तै यस वर्ष पनि पूर्णरूपमा उपलब्ध गराइनेछ,' इश्मिहाललाई उद्धृत गर्दै सरकारी प्रेस सेवाले जनाएको छ।

'युक्रेनको गहुँ बाली लगभग ६० लाख टनको घरेलू खपतका साथ यस वर्ष एक करोड ६० लाख ६० हजार टन अनुमान गरिएको छ,'उनले भने। युक्रेनी सरकारले किसानहरूलाई जारी वसन्त ऋतुको रोपाइँ अभियानलाई सुचारु रूपमा सञ्चालन गर्न मद्दत गरिरहेको उनले बताए।

युक्रेनको कृषि मन्त्रालयका अनुसार गत वर्ष युक्रेनका किसानले पाँच करोड ३९ लाख टन खाद्यान्न र गेडागुडी उत्पादन गरेका थिए। *रासस/एएफपी*

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०५९/०४/१९ मा दर्ता भएको प्रा.लि.नं. ६४७१५ को **वैष्णो देवी खानेपानी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELECTROLUX MAINTENANCE AND COMMERCIAL SERVICE

पूर्व स्वीकृति मिति : २०७९/१२/०९ पूर्व स्वीकृति मिति : २०७९/१२/११ LT. No. 283209 चलानी नं.६०१९८६३६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Female Cleaner | 0 | 25 | 800 | २८,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १९ गते (2nd Apr. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १२८६/०७४/०७५

**Fishtail Overseas Pvt. Ltd.**

Tokha, Samakhusi-29, Kathmandu, Nepal Tel : +977-1-4386382, 4389757, Mob: 9803003599
Email: hrfishtailoveraeas@gmail.com, Web: www.fishtailjobs.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIERRA ALFA SECURITY & CONSULTANCY SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०९/१२ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/११ LT. No. 278247 चलानी नं. :६०१९३६२८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 41 | 0 | 1500 | ४५,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १९ गते (2nd Apr. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १२९८/७४/७५

**Shahi Global Careers Pvt. Ltd.**

Satdobato Chowk-15, Lalitpur, Nepal, Phone No : 01-15151025
E-mail: Shahigcareers@gmail.com,www.shahicareers.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०९००० | प्रति तोला – १०८५०० | प्रति तोला – १३६० |



**पहाडकी रानी बन्दीपुर बजार** | तुलनात्मक रूपमा विदेशी पर्यटकले भरिने बन्दीपुरमा सडक बिस्तारले हिलाम्मे र धुलाम्मे हुँदा पर्यटक आगमनमा समस्या भएको यहाँका व्यवसायीको भनाइ छ । *तस्बिरः मिला दरैं/रासस*

# आठ महिनामा एक खर्ब ३८ अर्ब वैदेशिक सहायताको प्रतिबद्धता

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्ममा सरकारले रु एक खर्ब ३८ अर्ब ५६ करोड १० लाख बराबरको वैदेशिक सहायता प्रतिबद्धता पाएको छ ।

अर्थ मन्त्रालयका अनुसार आठ महिनामा नेपालले विभिन्न द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदारबाट रु २४ अर्ब ५६ करोड १० लाख बराबर अनुदान र रु एक खर्ब १४ अर्ब बराबर वैदेशिक ऋणको प्रतिबद्धता पाएको हो ।

चालु आर्थिक वर्षको बजेटमार्फत सरकारले रु दुई खर्ब ४२ अर्ब २६ करोड बराबर वैदेशिक ऋण र रु ५५ अर्ब ४६ करोड बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखेको थियो । लक्ष्यको तुलनामा वैदेशिक ऋण प्रतिबद्धता ४७ प्रतिशत र वैदेशिक अनुदान प्रतिबद्धता ४४ दशमलव २८ प्रतिशत बराबर हो ।

अर्थ मन्त्रालयका अनुसार यो अवधिमा जापान सहयोग नियोग (जाइका)बाट 'प्राजेक्ट फर ह्युमन रिसोर्स डेभलपमेन्ट स्कलरसीप' (जेडिएस) कार्यक्रमका लागि रु ३५ करोड अनुदानको प्रतिबद्धता सरकारले पाएको छ । त्यस्तै जाइकाले 'तराई क्षेत्र सिँचाइ प्रणाली सुदृढीकरण परियोजना'का लागि रु दुई अर्ब अनुदान प्रतिबद्धता जनाएको छ । युरोपियन युनियनबाट 'वास फर अल' परियोजनाका लागि रु एक अर्ब ३७ करोड र 'सशक्त महिला, समृद्ध नेपाल' कार्यक्रमका लागि रु दुई अर्ब अनुदान प्रतिबद्धता पाएको छ ।




आठ महिनामा स्वीटजरल्यान्ड सरकारबाट 'प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम'का लागि रु ९९ करोड १० लाख बराबर अनुदान सहायताका प्रतिबद्धता आएको छ । दक्षिण कोरिया सरकारले कोरियाबाट फर्किएका कामदारको उद्यमशीलता विकासका लागि लागि रु एक अर्ब र नेपाल प्रहरीको साइबर ब्यूरोको क्षमता विकासका लागि रु एक अर्ब अनुदानको प्रतिबद्धता जनाएको छ ।

त्यसैगरी एसियाली विकास बैंक (एडिबी)ले नेपालको पहाडी क्षेत्रमा फलफूल तथा ओखरखेती प्रवर्द्धनका लागि रु दुई अर्ब ४७ करोड र महिलाको क्षमता विकास कार्यक्रमका लागि रु एक अर्ब ५७ करोड अनुदान प्रतिबद्धता जनाएको मन्त्रालयले जनाएको छ ।

बेलायत सरकारले सुरक्षा तथा न्याय प्रणाली क्षमता विकास कार्यक्रम फेज-२ का लागि रु पाँच अर्ब २६ करोड र स्थानीय पूर्वाधार कार्यक्रमका रू एक अर्ब ४४ करोड अनुदान प्रतिबद्धता जनाएको छ । त्यस्तै नर्वे सरकारले विद्यालय शिक्षा क्षेत्र कार्यक्रमका लागि रु दुई अर्ब ५७ करोड र फिनल्यान्ड सरकारले विद्यालय शिक्षा क्षेत्र योजनाका लागि रु दुई अर्ब ५४ करोड प्रतिबद्धता जनाएको छ ।

वैदेशिक ऋण सहायतातर्फ विश्व बैंकमार्फत 'ग्रिन रेजिलेन्स एन्ड इन्क्लुसिभ डेभलपमेन्ट' (ग्रिड) कार्यक्रमका लागि रु १२ अर्ब ७५ करोड ऋण प्रतिबद्धता आएको छ । त्यस्तै विश्व बैंकले क्षेत्रीय यातायात तथा व्यापार कनेक्टिभिटी परियोजनाका लागि रु ३४ अर्ब ९६ करोड र 'डिजिटल नेपाल एक्सिलेरेसन कार्यक्रम'का लागि रु १७ अर्ब ७९ करोड बराबर ऋण दिने प्रतिबद्धता जनाएको अर्थ मन्त्रालयले जनाएको छ ।

यो अवधिमा जाइकाबाट सहरी क्षेत्रको विद्युत् प्रणाली व्यवस्थापन परियोजनाका लागि रु एक अर्ब ४२ करोड ऋणका लागि सम्झौता भएको छ । त्यस्तै एसियाली विकास बैंकले पहाडी क्षेत्रमा फलफूल तथा ओखरखेती प्रवर्द्धनका लागि रु सात अर्ब ७९ करोड र विद्यालय शिक्षा क्षेत्र योजनाका लागि रु २६ अर्ब ५१ करोड बराबरको ऋण प्रतिबद्धता जनाएको छ ।

# सुपर मादी आयोजना राष्ट्रिय प्रसारणमा

■ प्रभाव संवाददाता

**कास्की–** कास्कीको मादी गाउँपालिका वडा नं १ र २ मा निर्मित सुपर मादी जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जडान गरिएको छ ।

कूल ४४ मेगावाटको जलविद्युत् आयोजनाको निमार्ण सम्पन्न गरी आन्तरिक परीक्षण भई आयोजनास्थलबाट १९ किलोमिटर दूरीमा रहेको लेखनाथ सवस्टेशनमा जडान गरिएको कार्यकारी अध्यक्ष पुष्पज्योति ढुङ्गानाले राससलाई जानकारी दिए ।

उनका अनुसार आयोजनाको बाँध, सुरुङमार्ग, विद्युत् गृहलगायत सम्पूर्ण क्षेत्रको काम सम्पन्न भइसकेको छ । आयोजना निर्माणमा रू आठ अर्ब ७० करोड खर्च भएको अध्यक्ष ढुङ्गानाले बताए । विसं २०७५ मङ्सिरदेखि निर्माण थालेको बताउँदै उनले २०७८ चैतदेखि विद्युत् उत्पादन गर्ने लक्ष्य राखिए पनि कोरोना महामारी तथा २०७८ असार १ मा मादी खोलामा आएको बाढीलगायत कारणले केही समय ढिलो भएको उल्लेख गरे ।

सुरुमा रू सात अर्ब ४७ करोड लागत भनिए पनि बाढी प्रकोप, बैंकको ब्याजदरमा आएको परिवर्तन, अर्थतन्त्रमा देखिएको तरलतालगायत कारणले उक्त लागत बढ्न गएको आयोजनाले जनाएको छ । आयोजनाका अनुसार बाढीका कारण रू एक अर्बभन्दा बढी नोक्सानी भएको छ । मुख्य सुरुङको लम्बाइ करिब छ किलोमिटर रहेको र कमजोर भौगोलिक अवस्थाका कारण करिब आठ सय मिटर पेनस्टक पाइप सुरुङभित्र जडान गर्दा करिब २५ करोड लागत थपिएको जनाइएको छ ।

आयोजनाका लागि रू दुई अर्ब १० करोड शेयर पुँजी रहेको छ । बाँकी सानिमा विकास बैंकको अगुवाइमा राष्ट्रिय वाणिज्य बैंक, कुमारी बैंक, कृषि विकास बैंक, एभरेष्ट बैंक, प्रभु बैंक र हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कं लि.को लगानी रहेको अध्यक्ष ढुङ्गानाले जानकारी दिए ।

वार्षिक २४२ दशमलव ६५ गिगावाट घन्टा बिजुली उत्पादन हुने आयोजनाको सुपर मादी हाइड्रो पावर लिमिटेड प्रवर्द्धक एवं सिभिल ठेकेदार फेवा कन्ट्रक्सन प्रालि, हाइड्रो मेकानिकल ठेकेदार माछापुच्छ्रे मेटल एण्ड मेसिनरी प्रालि र इलेक्ट्रो मेकानिकल ठेकेदार एशिया प्यासिफिक पावर टेक प्रालि र परामर्शदाता सानिमा हाइड्रो एण्ड इञ्जिनियरिङ कम्पनी रहेका छन् ।

# ४७ करोड विद्युत् महसुल बक्यौता

■ रासस




**नेपालगञ्ज–** नेपाल विद्युत् प्राधिकरणको नेपालगञ्ज वितरण केन्द्रमा चालु आर्थिक वर्ष २०७८/८० को छ महिना (पुस मसान्त) सम्म रु ४७ करोड ९२ लाख ९५ हजार आठ सय १९ विद्युत् महसुल उठ्न बाँकी रहेको छ । त्यसमध्येको रु १७ करोड ५२ लाख ३३ हजार सडक बत्ती शीर्षकको महसुल छ ।

नेपालगञ्ज उपमहानगरपालिका र खजुरा गाउँपालिकाले बुझाउनुपर्ने सडक बत्तीको महसुल तिरेका छैनन् । उपमहानगरपालिकाले उक्त महसुल तिर्न नमान्दा वर्षौंदेखिको महसुल असुल हुन सकेको छैन । सडक बत्तीको विद्युत् महसुल उठ्न बाँकी रहेको रकममध्ये रु ३६ हजार मात्रै खजुरा गाउँपालिकाले तिर्नुपर्ने रहेको नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्रले जनाएको छ ।

खजुराले सडक बत्तीको नियमितरूपमा महसुल तिरिरहे पनि उपमहानगरपालिकाले तिर्न नमानेको विद्युत् प्राधिकरणका कर्मचारी बताउँछन् । नेपालगञ्ज वितरण केन्द्रका प्रमुख दिवाकर प्याकुरेलले बक्यौता रहेको विद्युत् महसुल तिर्नका लागि उपमहानगरपालिकालाई पटकपटक पत्राचार गरिँदै आएको बताए । उनका अनुसार उपमहानगरपालिकाले उक्त बजेट तिर्न नसक्ने जवाफ दिँदै आएको छ ।

प्याकुरेलका अनुसार उपमहानगरपालिकाको सडक बत्तीको बक्यौता महसुल स्थानीय सरकार बन्नुअघिदेखिको हो । त्यसबेला उपमहानगरपालिकामा गाभिएका साविकका गाविसलेसमेत तिर्न बाँकी रकम अझै तिरिएको छैन । उपमहानगरपालिकामा डा.धवलशमशेर राणा प्रमुख रहेको अघिल्लो कार्यकालमा विद्युत् महसुल तिर्ने विषयलाई लिएर उपमहानगरपालिका र विद्युत् वितरण केन्द्रबीच विवाद भएको थियो ।

तत्कालीन प्रमुख राणाले उपमहानगरको क्षेत्राधिकारभित्र जमिनमा विद्युत्का खम्बा र लाइन विस्तार गरेकाले त्यसको शुल्क तिरेपछि मात्रै आफूहरूले महसुल तिर्ने तर्क गर्दै आएका थिए । वर्तमान नगरप्रमुख प्रशान्त विष्टले अहिले आफूहरूको अडान विद्युत् प्राधिकरणले विद्युत्का खम्बाको व्यावसायिक कर मिलान गर्नुपर्ने रहेको बताए ।

महसुल तिर्नेबारेमा नयाँ निर्णय नभएको र छलफलमै रहेको जनाउँदै उनले भने, 'यो समस्या हाम्रो मात्रै नभई अन्य नगरपालिकाको पनि हो, प्राधिकरण नाफा कमाउने संस्थान भएकाले यसमा नगरपालिका सङ्ले नै व्यावसायिक कर मिलान गरेमा मात्रै महसुल तिर्ने नीति लिएका छौं, हाम्रो भनाइ पनि विद्युत्का खम्बाको व्यावसायिक कर मिलान गर्नुपर्छ भन्ने नै हो ।' प्रमुख प्याकुरेलले महसुल तिर्नुपर्ने विषयमा पत्राचार भएपछि उपमहानगरपालिकाका जनप्रतिनिधिबाट पहिलो कार्यकालमा विद्युत्का खम्बाको विषय उठाएको तर उक्त कुरा कानुनले नमान्ने बताए । उनले भने, 'उहाँहरूले भनेर मात्रै त हुँदैन नि कानुनले पनि त्यस विषयलाई मान्नुपर्‍यो ।'

विद्युत् वक्यौता उपमहानगरपालिकाको अघिल्लो कार्यकालमा असुल हुन नसकेपछि चालु आवको पहिलो महिना साउनमा विद्युत् प्राधिकरणले उपमहानगरपालिकाबाट सङ्घीय सरकारबाट समायोजन गर्नेगरी समर्थन मागेको छ । उक्त समर्थन भने उपमहानगरपालिकाबाट पाएर विवरण केन्द्रमा पठाएको केन्द्र प्रमुख प्याकुरेलले बताए । साउनभन्दा यताको सडक बत्तीको विद्युत् महसुल पनि उपमहानगरपालिकाले तिरेको छैन ।

प्याकुरेलले कम्तीमा 'हाइमास्ट लाइट'को महसुल मात्रै तिरिदिन अनुरोध गरे पनि उपमहानगरबाट असुल नभएको बताए । उनले अब नयाँ जडान हुने सडक बत्तीका लागि मिटरसहित जडान गर्ने नीति केन्द्रले लिएको बताए । वितरण केन्द्रका अनुसार पुस मसान्तसम्म बाँकी बक्यौतामा सरकारबाट महसुल अनुदानको हिसाब मिलान हुन बाँकी रु सात करोड १० लाख आठ हजार चार सय ३२, सरकारी कार्यालयको रु एक करोड ८३ लाख २३ हजार पाँच सय ७८ बक्यौता रहेको छ । बाँकी रु २१ करोड ४७ लाख ३० हजार एक सय १९ निजी क्षेत्रको महसुल बक्यौता रहेको केन्द्रले जनाएको छ ।

जातीय विभेदको अन्त्य गरौं

- जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं ।
- मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ ।
- कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं ।
- जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं ।
- छुवाछुत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ